बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

स्वीकृत मिति: २०७९/०९/२०
(माननीय मन्त्रीस्तरीय निर्णय)

# दिगो वन व्यवस्थापन कार्यविधि,२०७९

बागमती प्रदेश सरकार

वन तथा वातावरण मन्त्रालय

हेटौंडा, मकवानपुर

नेपाल

प्रदेश सचिव

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

# दिगो वन व्यवस्थापन कार्यविधि, २०७९

**प्रस्तावना** : राष्ट्रिय वन नीति, २०७५, वन ऐन, २०७६, प्रदेश राष्ट्रिय वन ऐन, २०७६ को दफा १७ को उपदफा (५) एवं वन नियमावली २०७९ को नियम १५ मा व्यवस्था भए बमोजिम प्रदेश अन्तर्गत रहेका राष्ट्रिय वनको वन सम्वर्द्धन प्रणाली (सिल्भिकल्चर सिस्टम) मा आधारित दिगो वन व्यवस्थापन गर्न प्रदेश राष्ट्रिय वन ऐन, २०७६ को दफा ९२ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालयले यो कार्यविधि बनाई लागु गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : यस कार्यविधिको नाम "**दिगो वन व्यवस्थापन कार्यविधि, २०७९**" रहेको छ र यो मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा** :- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

**(क)** (Fire line) भन्नाले वन डढेलो एक वन क्षेत्रबाट अर्को वन क्षेत्रमा फैलिन नदिनको लागि निश्चित क्षेत्रमा बनस्पतिहरु हटाइएको क्षेत्रलाई सम्झनुपर्छ ।

**(ख) अवसर लागत** (Opportunity cost) भन्नाले अवसर लागत अर्को उत्तम विकल्पको मूल्यलाई जनाउँदछ। जब निर्णय गरिन्छ, यो छोडिएको हुन्छ ।

**(ग) आवधिक ब्लक** (Periodic block) भन्नाले आवधिक ब्लक कटान श्रृङ्खलाको उपविभाजन हो जसमा निर्धारित अवधिमा पुनरोत्पादन वा अन्य उपचारको लागि वनको भाग छुट्ट्याइएको हुन्छ।

**(घ) उत्पादन नियमन** (Yield regulation) भन्नाले वनको प्राविधिक (जैविक तथा भौतिक) जानकारी प्रयोग गरेर सतत: रुपमा वन बाली उत्पादन गर्ने प्रक्रिया लाई जनाउँदछ। यो बनबाट बार्षिक स्वीकार्य कटान र बनको प्राविधिक जानकारीका आधारमा लिन सकिने उत्पादन बारे गरिने निर्णय प्रक्रिया हो ।

**(ङ) एडभान्स ग्रोथ** (Advance growth) भन्नाले पुनरोत्पादन कटान गरिनु अघि वनमा रहेका छातीको उचाईमा ४० से.मि. व्यास (Diameter at breast height-DBH) भन्दा कमका रुख बिरुवाहरुलाई जनाउँदछ।

**(च) औसत बार्षिक वृद्धि** (Mean annual increment-MAI) भन्नाले कुनै निश्चित समयको जम्मा आयतनलाई जम्मा वर्ष संख्याले भाग गर्दा प्राप्त हुने आयतनलाई जनाउँदछ।



प्रदेश सचिव

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

**(छ) कटान शृङ्खला** (Felling series) भन्नाले छनौट प्रणाली अन्तर्गत व्यवस्थापनको लागि छुट्ट्याइएको कम्पार्टमेण्टलाई जनाउँदछ । यसमा वार्षिक कटान परिमाण त्यही कम्पार्टमेण्टको मौज्दात अनुसार निक्यौंल गरिएको हुन्छ, यसले स्थानीय परिवेश अनुसार कटान र पुनरोत्पादनलाई निर्धारण गर्ने कार्य गर्दछ ।

**(ज) कम्पार्टमेण्ट** (Compartment) भन्नाले एकै नासको वृद्धि अवस्था भएको रुख प्रजातिको तोकिएको वन क्षेत्रलाई जनाउँछ।

**(झ) खुद वर्तमान मूल्य** (Net present value-NPV): नगद प्रवाहको वर्तमान मूल्य र समयको अवधिमा नगद बहिर्गमनको वर्तमान मूल्यबीचको भिन्नता हो। NPV पूँजी बजेट र लगानी योजनामा अनुमानित लगानी वा परियोजनाको नाफाको विश्लेषण गर्न प्रयोग गरिन्छ।

**(ञ) चालु वार्षिक वृद्धि** (Current annual increment-CAI) भन्नाले रुख र स्टयाण्डमा चालु वर्षको आयतनमा हुने वृद्धिलाई जनाउँछ।

**(ट) छनौट प्रणाली** (Selection system) भन्नाले एक वन सम्वर्द्धन प्रणाली हो जसमा कटानी र पुनरोत्पादनको कार्य वनको सम्पूर्ण भागमा गरिन्छ । यसबाट असमान उमेर (Uneven aged) का वन विकास गरिन्छ जसमा सबै उमेरका विरुवाहरु बनका सबै भागमा छरिएर रहेको पाईन्छ ।

**(ठ) छत्र प्रणाली** (Shelter-wood system) भन्नाले एक वन सम्वर्द्धन प्रणाली हो जुन प्राकृतिक वा बीउबाट पुनरोत्पादन भएको वनमा गरिन्छ र पुनरोत्पादन भएका विरुवाहरु माथिल्लो तहमा रहेका बयस्क रुखको छहारी मुनि हुर्काउने काम गरिन्छ । यसले भूसंरक्षणको कार्य पनि गर्दछ ।

**(ड) टेन्डिङ अपरेशन** (Tending operation) भन्नाले गोडमेल, झाडी सफाई, पत्ल्याउने, हाँगा कटनी छटनी, लहरा काटछाँट लगायका क्रियाकलापबाट रुखबालीको प्रतिष्पर्द्धात्मक क्षमता अभिवृद्धि गरी गुणस्तरीय उत्पादनका लागि गरिने वन सम्वर्द्धन कार्यलाई जनाउँदछ ।

**(ढ) दिगो वन व्यवस्थापन** (Sustainable forest management) भन्नाले वनजन्य वस्तु तथा सेवाको उपयोग गर्दा भावी पुस्ताका यस्ता सेवाहरुको उत्पादनमा सीमित नतुल्याइने गरी वर्तमानमा वन स्रोतको व्यवस्थापन गर्ने कार्यलाई जनाउँदछ ।

**(ण) पत्ल्याउने** (Thinning) भन्नाले लाथ्रा, पोल वा रुखहरुको बाक्लो उपस्थितिलाई पातलो बनाउने कार्यलाई जनाउँदछ ।

**(त) पुनरोत्पादन** (Regeneration) भन्नाले प्राकृतिक वा कृत्रिमरूपमा उत्पादन भएका विरुवाहरुलाई जनाउँदछ।



प्रदेश सचिव

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

**(थ) पुनरोत्पादन अवधि** (Regeneration period) भन्नाले कटान क्षेत्रमा बिरुवाहरु उम्रेका वा उमारिएका बिरुवा बाँच्न सक्ने सुनिश्चितताका लागि लाग्ने अवधिलाई जनाउँदछ।

**(द) पुनरोत्पादन कटान** (Regeneration felling) भन्नाले अंकुरणको लागि बीउ उत्पादन गर्न एकल वा समूहमा उभिएका केही बीउ/आश्रय रूखहरूबाहेकका रुखहरु काट्ने विधिलाई जनाउँदछ। प्राकृतिक पुनरोत्पादनलाई प्रोत्साहित गर्न कटान गरिन्छ। यसमा अन्तिम कटान समेत समावेश हुन्छ ।

**(ध) बार्षिक कटान गरिने क्षेत्र** (Annual coupe) भन्नाले सरपट कटान प्रणाली वा छत्र प्रणाली अन्तर्गत बार्षिक रूपमा कटान गरिने वनको क्षेत्रलाई बार्षिक कटान क्षेत्र भनिन्छ ।

**(न) माऊ रुख** (Mother tree/seed tree) भन्नाले बीउ, छाँया, जैविक विविधता तथा पर्यावरणका लागि राखिएको उच्च गुणस्तरको रुखलाई जनाउँदछ ।

**(प) रुख नक्शा** (Stem map) भन्नाले सव-कम्पार्टमेण्ट वा काट्ने क्षेत्रमा रूखहरूको वितरण (जस्तै माऊ रूखहरू, प्रत्येक वर्ष काटिने रूखहरू राख्नु पर्ने रूखहरू, पोलहरू, आदि) देखाउने नक्सालाई जनाउँदछ।

**(फ) रुख सहितको मुना प्रणाली** (Coppice with standard) भन्नाले वन सम्वर्द्धन प्रणाली अन्तर्गत माथिल्लो तहमा रहने रुख बीउबाट पुनरोत्पादन भएको र तल्लो तहमा मुनाबाट बिरुवा उत्पादन गर्ने प्रणालीलाई जनाउँदछ। माथिल्लो तहमा रहने रुखहरु लामो कटान चक्रका हुन्छन् जसले काठ उत्पादन गर्नुका साथै पुनरोत्पादनको लागि बीउ उत्पादन गर्दछ

**(ब) लाभ/लागत अनुपात** (The benefit-cost ratio-BCR) भन्नाले प्रस्तावित योजना कार्यान्वयन हुँदा गरिने खर्च र कार्यान्वयन पछि सो आयोजनाबाट प्राप्त हुने लाभबीचको अनुपातलाई जनाउँदछ ।

**(भ) वनस्रोत सर्भेक्षण** (Forest Inventory) भन्नाले वनको अवस्था आँकलन गर्नका लागि वन सम्वन्धी विधिपूर्वक तथ्याङ्क एवं सूचना सङ्कलन तथा विश्लेषण गर्ने कार्यलाई जनाउँदछ।

**(म) वन सम्वर्द्धन प्रणाली** (Silviculture system) भन्नाले कुनै पनि वनको सम्पूर्ण जीवन अवधिभर खास किसिमको उद्देश्य प्राप्तिका लागि विशिष्ट प्रकारको वनको बनोट, स्वरुप एवं संरचना बनाउने ध्येयले कटान, पुनरोत्पादन, गोडमेल, सरसफाई, सुधार कटान, पत्ल्याउने आदि जस्ता वन सम्वर्द्धन कृयाकलापहरुको योजनावद्ध प्रकृया सम्झनु पर्दछ।

**(य) वन सम्वर्द्धन शास्त्र** (Silviculture) भन्नाले वन हुर्काउने कला र विज्ञानलाई जनाउँदछ। यसले वनको पुनरोत्पादन, वृद्धि, संरचना र वनको गुणस्तरलाई अभिवृद्धि गर्ने कार्यमा सहायता गर्छ जसले वन व्यवस्थापनको उद्देश्य परिपूर्ति गर्न मद्दत गर्दछ ।



प्रदेश सचिव

(र) **वनको जम्मा मौज्दात** (Total growing stock) भन्नाले तोकिएको वन क्षेत्रभित्र रहेका सम्पूर्ण रुखहरुको जम्मा आयतनलाई जनाउँदछ ।

(ल) **वाली चक्र** (Crop rotation) भन्नाले विरुवा उम्रने र अन्तिम कटाईवीचको समयलाई जनाउँदछ। यसलाई विरुवा पुनरोत्पादन र वन बालीको अन्तिम काट्नेबीचको व्यवस्थापन योजनाद्वारा निर्धारित वर्षहरूको संख्याको रूपमा पनि परिभाषित गरिएको छ।

(व) **सब कम्पार्टमेण्ट** (Sub-compartment) भन्नाले कम्पार्टमेण्ट क्षेत्र एक समान विवरण वा समान उपचारको लागि धेरै ठूलो भएपछि सानो भाग विभाजित गरिएको क्षेत्रलाई जनाउँदछ जुन त्यसपछि वन सम्वर्द्धनमा आधारित बन व्यवस्थापनको एकाईहरू बन्छ।

(श) **सरपट कटान प्रणाली** (Clear-felling system) भन्नाले वन परिपक्व भएपछि सबै रुखहरु कटान गरिने वन सम्वर्द्धन प्रणालीलाई जनाउँछ। यसमा कटिएका सबै रुखहरु निकालिन्छन् । यसमा वृक्षारोपण गरेर वा प्राकृतिक रुपमा विरुवा पुनरोत्पादन गरिन्छ ।

(ष) **सुधार कटान** (Improvement felling) भन्नाले कमसल खालका रुखहरु हटाई राम्रा रुखहरुको वृद्धिका लागि गरिने कार्यलाई जनाउँदछ। यो मुख्यतया मिश्रित वा असमान उमेरका विरुवाहरु भएको बनमा गरिन्छ ।

## परिच्छेद-२

## वनको किसिम, वन सम्वर्द्धन प्रणालीको छनौट र बाली चक्रसम्बन्धी व्यवस्था

**३. वन सम्वर्द्धन प्रणाली:** (१) वन क्षेत्रको भौगोलिक अवस्था, वन व्यवस्थापनको उद्देश्य र व्यवस्थापकको चाहना, प्रमुख प्रजातिको वन सम्वर्द्धन विशेषता, पुनरोत्पादनको लागि सरल र सुरक्षित प्रणाली तथा वन डढेलो र मिचाहा प्रजातिहरुको प्रकोपलाई ध्यानमा राखी अनुसूची-१ बमोजिमको वन सम्वर्द्धन प्रणाली अवलम्बन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रत्येक डिभिजन वन कार्यालयले वन सम्वर्द्धन प्रणाली अनुसार बनको व्यवस्थापन गर्दा समान भौगोलिक अवस्थामा पाईने सबै प्रकारका वनहरुलाई समानुपातिक आधारमा वन व्यवस्थापनको कार्य अनिवार्य रुपमा अवलम्बन गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम छनौट गरिएको वन सम्वर्द्धन प्रणाली अवलम्बन गर्दा अनुसूची-२ बमोजिमको उपयुक्त वन सम्वर्द्धन कार्यहरु पहिचान गरी कार्ययोजनामा समावेश गर्नु पर्नेछ।

(४) उपदफा(१) बमोजिम वन सम्वर्द्धन प्रणाली अपनाई व्यवस्थापन गरिने वनहरुमा अनुसूची-३ बमोजिम वन परिपालन (Tending operation) जस्तै झाडी सफाई तथा पत्ल्याउने जस्ता क्रियाकलाप गर्न सकिनेछ ।



प्रदेश सचिव

४. **वन सम्वर्द्धन प्रणालीमा परिवर्तन**: एक प्रकारको वन सम्वर्द्धन प्रणालीमा भइरहेको वन व्यवस्थापनको उद्देश्य वा वनको अवस्थामा परिवर्तन भएमा सम्वन्धित निकायबाट वन व्यवस्थापन कार्ययोजना स्वीकृत गराई व्यवस्थापकले अर्को वन सम्वर्द्धन प्रणाली अपनाई लागु गर्न सक्नेछ ।

५. **छत्र प्रणालीमा** (Yield regulation under shelterwood system) **उत्पादन परिमाण (आयतन, रुख संख्या, क्षेत्रफल) निर्धारण**: छत्र प्रणाली अन्तर्गत उत्पादन परिमाण (आयतन, रुख संख्या, क्षेत्रफल) निर्धारण गर्दा अनुसूची-४ बमोजिम गर्नु पर्नेछ ।

६. **छनौट प्रणालीमा** (Selection system)**उत्पादन परिमाण (आयतन, रुख संख्या, क्षेत्रफल) निर्धारण**: छनौट प्रणाली अन्तर्गत उत्पादन परिमाण (आयतन, रुख संख्या, क्षेत्रफल) निर्धारण गर्दा अनुसूची-५.१ र ५.२ बमोजिम गर्नु पर्नेछ ।

७. **सरपट कटान प्रणालीमा** (Clear felling system) **उत्पादन परिमाण (आयतन, रुख संख्या, क्षेत्रफल) निर्धारण**:: सरपट कटान प्रणाली अन्तर्गत उत्पादन परिमाण (आयतन, रुख संख्या, क्षेत्रफल) निर्धारण गर्दा अनुसूची-६ बमोजिम गर्नु पर्नेछ ।तर विपद्जन्य कारणबाट पूरै वन विनास भएको अवस्थामा वाहेक सामुदायिक वनमा सरपट कटान प्रणाली लागु गरिने छैन ।

८. **रुख सहितको मुना प्रणाली** (Coppice with standards system) **उत्पादन परिमाण (आयतन,** रुख संख्या, क्षेत्रफल) निर्धारण: रुख सहितको मुना प्रणाली अन्तर्गत उत्पादन परिमाण (आयतन, रुख संख्या, क्षेत्रफल) निर्धारण अनुसूची-७ बमोजिम गर्नु पर्नेछ ।

९. **युनिफर्म छत्र प्रणाली/बीउ रुख प्रणालीमा** (Uniform shelterwood system/seed tree method) **उत्पादन परिमाण(आयतन, रुख संख्या, क्षेत्रफल) निर्धारण**: युनिफर्म छत्र प्रणाली/बीउ रुख प्रणाली अन्तर्गत उत्पादन परिमाण (आयतन, रुख संख्या, क्षेत्रफल) निर्धारण गर्दा अनुसूची-८ बमोजिम गर्नु पर्नेछ ।

१०. **सुधार कटान** (Improvement felling): सुधार कटान गर्दा अनुसूची-९ बमोजिम गर्नु पर्नेछ ।

११. **बाली चक्र निर्धारण** (Crop rotation): (१) विभिन्न प्रकारको वनमा पाईने प्रजातिहरुको बाली चक्र अनुसूची-१० बमोजिम निर्धारण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको बाली चक्रको आधारमा दफा ३ अनुसारको वन सम्वर्द्धन प्रणाली अवलम्बन गरी वनको व्यवस्थापन गरिनेछ ।

प्रदेश सचिव

## परिच्छेद-३
## वन सर्वेक्षण तथा मापन विधिसम्बन्धी व्यवस्था

**१२. वन सीमाना सर्वेक्षण** (Forest boundary survey): वन सीमाना सर्वेक्षण गर्दा सीमाना विवाद नहुने गरी गर्नु पर्नेछ। वन व्यवस्थापन योजना तयार गर्नको लागि जिपिएसबाट वनको सर्भेक्षण गर्नु पर्नेछ र यसरी सर्वेक्षण गरिएका सबै तथ्याङ्कहरुको स्पष्टसंग अभिलेखिकरण गर्नु पर्नेछ। यस्तो अभिलेखिकरणको ढाँचा अनुसूची-११ बमोजिम हुनेछ ।

**१३. खण्ड विभाजन** (Division of forest into blocks): खण्डको क्षेत्रफल कम्तिमा एकवटा कम्पार्टमेण्टको लागि आवश्यक पर्ने क्षेत्रफलभन्दा कम नहुने गरी संभव भएसम्म प्राकृतिक सीमानाको आधारमा भेग मिल्ने गरी खण्ड विभाजन गरिनेछ ।

**१४. कम्पार्टमेण्ट र सब कम्पार्टमेण्ट विभाजन** (Division of block into compartments and sub compartment): अपनाईने वन सम्वर्द्धन प्रणाली, कम्पार्टमेण्टलाई पूर्ण एकाई (Self-contained unit) को रुपमा गर्ने वा विभिन्न कम्पार्टमेण्टमा रहेका सब कम्पार्टमेण्टहरु जोडेर कटान श्रृङखला (Felling series) बनाउन र कार्य प्रकृयालाई समेत विचार गरी कम्पार्टमेण्ट विभाजन गरिनेछ । कम्पार्टमेण्ट र सब कम्पार्टमेण्ट विभाजन अनुसूची-१२ बमोजिम हुनेछ ।

**१५. नक्सा तयारी**: (१) स्थलगत वन सर्वेक्षण कार्य पूरा गरिसके पश्चात् जिपिएस डाटाबाट उपयुक्त प्रविधि प्रयोग गरी डिजिटल नक्सा तयार गर्नु पर्नेछ ।

(२) नक्सा बनाउदा भिरालोपना अनुसार वन क्षेत्रलाई १९ डिग्रीभन्दा कम भिरालो, १९ देखि ३० डिग्रीसम्म, ३० डिग्री देखि ४५ डिग्रीसम्म र ४५ डिग्रीभन्दा बढी गरी ४ प्रकारको जोनेशन गर्नु पर्नेछ र जोन अनुसार छुट्टाछुट्टै क्षेत्रफल निकाल्नु पर्नेछ ।

(३) नक्सा बनाउँदा वनक्षेत्रभित्र रहेका सबै कुराहरु देखिने गरी अनुसूची-१३ बमोजिम नक्साहरु तयार गर्नु पर्नेछ।

**१६. वनस्रोत सर्वेक्षण** (Forest inventory): (१) वनको नक्सा तयार गरिसकेपछि वनस्रोत सर्वेक्षण गर्नु पर्दछ । वनस्रोत सर्वेक्षण सामुदायिक वन वनस्रोत सर्वेक्षण मार्गदर्शन, २०६१ ले निर्दिष्ट गरेको प्रकृया अवलम्बन गरी गरिनेछ । नमूना प्लट निर्धारण, प्लटमा रुख बिरुवा मापन र वनको मौज्दात विश्लेषणसम्बन्धी व्यवस्था अनुसूची-१४ बमोजिम हुनेछ ।

(२) स्याम्पिलङ इन्टेन्सिटी (Sampling intensity) देहाय बमोजिम हुनेछ:

- उत्पादनशील वन (Production forest) को लागि: कम्तिमा २ प्रतिशत
- कम उत्पादनशील वन (Conservation forest) को लागि: कम्तिमा १ प्रतिशत



प्रदेश सचिव

• संरक्षित वन (Protection forest) को लागिः कम्तिमा ०.५ प्रतिशत

१७. **रुख नक्साङ्कन** (Stem mapping): पुनरोत्पादन कटान गर्ने सब-कम्पार्टमेण्टहरुको रुख नक्साङ्कन अनुसूची-१५ बमोजिम हुनेछ।

१८. **पुनरोत्पादन सर्भे**: पुनरोत्पादन कटान गर्ने सब-कम्पार्टमेण्टहरुको पुनरोत्पादन सर्भे अनुसूची-१६ बमोजिम हुनेछ।

१९. **माऊ रुख छनौट र रिङ्ग पेन्टिङ्ग**: पुनरोत्पादन कटान गर्ने सब-कम्पार्टमेण्टको पहिलो वर्ष कटान हुने क्षेत्रमा माऊ रुखहरुको छनौट पश्चात् स्थलगत निरीक्षण गरी अन्तिम विवरण तयार गरी माऊ रुखहरुलाई छातीको उचाईमा सेतो इनामेलले ४ इन्च फराकिलो रिङ पेण्टिङ गर्नु पर्दछ।

## परिच्छेद-४
## वित्तीय विश्लेषणसम्बन्धी व्यवस्था

२०. **वित्तीय विश्लेषण**: वन व्यवस्थापन योजना वित्तीय रुपमा लाभप्रद छ/छैन भनेर वित्तीय विश्लेषण लाभ-लागत अनुपात (Benefit/cost ratio) र खुद वर्तमान मूल्य (Net present value-NPV) बाट गर्न सकिनेछ।

२१. **संवेदनशीलता विश्लेषण** (Sensitivity analysis): ज्यालादर, व्याजदरमा परिवर्तन, वन पैदावारको मूल्यमा परिवर्तन, खडा रुखको अनुमानित आयतनभन्दा कटान गरीसकेपछि धोद वा अन्य कारणले वन पैदावारको मात्रामा कमी, पुनरोत्पादनको सुनिश्चितता आदिबाट आउने जोखिम तथा संवेदनशीलताको विश्लेषण गर्न सकिनेछ ।

## परिच्छेद-५
## ढलापडा र सुखड खडा रुख निकाल्नेसम्बन्धी व्यवस्था

२२. **ढलापडा र सुखड खडा रुख हटाउने**: (१) प्रदेशभित्रको राष्ट्रिय वन (सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, कबुलियती वन, वन संरक्षण क्षेत्र, धार्मिक वन आदि) मा बाढी पहिरो हिमपात आगजनी रोगकीराका संक्रमण जस्ता विपत्जन्य घटनाका कारण ढल्ने, सुक्ने, सड्ने, नासिने अवस्थाका रुखहरु तुरुन्त सङ्कलन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बाढी पहिरो हिमपात आगजनी रोगकीराका संक्रमण जस्ता विपत्जन्य घटनाका कारण ढल्ने, सुक्ने, सडने, नासिने अवस्थाका रुखहरुको सङ्कलन गर्नुपूर्व यस्ता रुखहरुको जिपिएस कोअर्डिनेट र रङ्गीन फोटोसहितको लगत लिई काठ दाउरा सङ्कलनको



प्रदेश सचिव

योजना तयार गरी जिल्ला विपद व्यवस्थापन समितिको सिफारिससहित प्रदेश वन निर्देशनालय मार्फत मन्त्रालयबाट स्वीकृत गराउनु पर्नेछ ।

(३) प्राकृतिक रुपमा आफै ढलेका र सुखड खडा रुखहरुको लगत मूल्याङ्कन गरी डिभिजन वन कार्यालयको सहमति लिई तत्काल सङ्कलन गर्न सकिनेछ । यसरी सङ्कलन गरेका काठ दाउरा स्वीकृत वार्षिक परिमाणभन्दा बढी भएमा आगामी वर्षको स्वीकृत वार्षिक परिमाणमा मिलान गर्नु पर्नेछ ।

(४) वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन भइरहेको वनमा ढलापडा र सुखड खडा रुखहरु सङ्कलन गर्दा अनुसूची-१७ बमोजिम हुनेछ ।

## परिच्छेद-६

## रूख छपान, कटान, मुछान एवं काठ दाउरा ढुवानी र घाटगद्दीसम्बन्धी व्यवस्था

२३. **कटान प्लट निर्धारणः** (१) वन पैदावार सङ्कलन गर्दा स्वीकृत कार्ययोजनामा उल्लेख भए बमोजिमको क्षेत्रफल, परिमाण, रुख संख्याको आधारमा वन पैदावार सङ्कलन गर्ने प्लट निर्धारण गर्नु पर्नेछ ।

(२) उपदफा(१) बमोजिम बन पैदावारको सङ्कलनका लागि प्लट निर्धारण गर्दा पानी मुहान, खोला र नदी किनारको क्षेत्र, भूक्षय तथा पहिरो वरिपरिको भूभाग, चुरे क्षेत्रमा अति सम्वेदनशील भूभाग भनी किटान भएको क्षेत्र, अति भिरालो क्षेत्र, जैविक विविधता र सांस्कृतिक दृष्टिकोणले संरक्षण गरिनु पर्ने रूख सहितको क्षेत्र र अध्ययन अनुसन्धान गर्ने क्षेत्र आदिलाई समावेश गर्नु हुँदैन ।

२४. **कटानका लागि रूख छनौटमा प्राथमिकताः** सुधार कटान र छनौट प्रणाली अन्तर्गत काठ र दाउरा सङ्कलनको लागि कटान गर्न रूखहरू छनौट गर्दा ढलापढा, सुखड खडा, मर्न लागेका, रोग लागेका, बाङ्गोटिङ्गो, उमेर पुगेका बूढा र बाक्ला रूखहरूलाई प्राथमिकता दिनु पर्नेछ ।

२५. **रूख छपान तथा छपान मूल्याङ्कनः** (१) कटान गर्न छनौट गरिएका रूखहरू छपान गर्दा डिभिजन वन कार्यालय मातहतको कम्तिमा सहायकस्तर पाँचौ वन प्राविधिक (रेञ्जर वा सो सरह) वा समूहले नियुक्ति गरेको वन प्राविधिक(कम्तिमा बन विज्ञानमा ३ (तीन) वर्षे डिप्लोमा गरेको वा सो सरह) को सहयोगमा प्रत्येक रूखमा दुई ठाउँमा ६"x ६" को ब्लेज बनाई नम्बर लेख्नु पर्नेछ ।

(२) उपदफा(१) बमोजिमको बनाइने ब्लेज रूखको फेदमा (भुईंदेखि ६ इन्चसम्म) र छातीको उचाई (रूखको फेददेखि साढे चार फीट उचाई) मा हुनु पर्नेछ ।

प्रदेश सचिव

(३) दुवै ब्लेज एक अर्कोको विपरीत दिशामा हुनु पर्नेछ र दुवै ब्लेजमा प्रष्ट देखिने गरी टाँचा लगाई सेतो इनामेलले छपान नम्बर लेख्नुपर्नेछ । ढलेका, खोलाले बगाई ल्याएका वा खोलामा गाडिएको अवस्थामा भएका रूखहरूमा विपरीत दिशामा ब्लेज बनाउन सम्भव नभए दुवै ब्लेजहरू एकै तर्फ पर्नेगरी ब्लेज बनाई छपान गर्न सकिनेछ ।

(४) रुखको मापन, आयतन निकाल्ने र मूल्याङ्कन वन नियमावली, २०७९ को अनुसूची ९(१) र (२) बमोजिम गर्नु पर्नेछ र सो को लागि छपान रजिष्टर तथा तेरिज तयार गर्नु पर्नेछ ।

(५) काठ दाउराको परिमाण यकीन गर्दा कार्ययोजनामा स्वीकृत परिमाणभन्दा बढी भएमा त्यस्तो बढी भएको परिमाण बराबरको रुखको छपान रद्द गर्नु पर्नेछ ।

२६. **छपान चेकजाँचः** (१) रूख छपान तथा छपान मूल्याङ्कन भए पश्चात् सोको जानकारी प्राप्त भएको ७ (सात) दिनभित्र डिभिजन वन कार्यालयले कार्ययोजना बमोजिम छपान भए नभएको यकीन गर्न डिभिजनल वन अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारीबाट छपान गरेका रूखहरूमध्ये कम्तिमा १०(दश) प्रतिशत छपान चेकजाँच गरी अनुसूची-१८ बमोजिमको ढाँचामा प्रतिवेदन तयार गरी डिभिजन वन कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।तर वन समूहहरुले आफै वन प्राविधिक राखेको अवस्थामा त्यस्ता प्रविधिकले लिएको लगत सब डिभिजन वन कार्यालयको वन अधिकृत कर्मचारीबाट चेक गरी थप कार्वाहीको लागि डिभिजन वन कार्यालयमा राय प्रतिवेदन सहितका कागजातहरु पठाउनु पर्नेछ । यसरी पेश भए बमोजिमको घटीमा ५(पाँच) प्रतिशत छपान चेकजाँच वन निर्देशनालयले गर्नु पर्नेछ । वन निर्देशनालयले यस्तो चेकजाँच कार्यको लागि अनुरोध भई आएको पत्रको प्राप्त दर्ता मितिले १५ (पन्ध्र) भित्र छपान चेकजाँच गरी सम्बन्धित डिभिजन वन कार्यालयलाई सोको जानकारी उपलब्ध गराइ सोको बोधार्थ प्रति अनिवार्य रुपमा मन्त्रालयलाई समेत उपलब्ध गराउनु पर्नेछ । मन्त्रालयले यस्तो चेकजाँचको आवश्यक्ता अनुसार निरीक्षण एवम् चेकजाँच समेत गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम छपान सम्बन्धमा डिभिजनल वन कार्यालयले दिएको निर्देशन सब डिभिजन वन कार्यालय र उपभोक्ता समूहले अनिवार्य रूपमा पालना गर्नु पर्नेछ ।

२७. **सङ्कलन सहमति उपलब्ध गराउनुपर्नेः** सङ्कलन सहमतिको सम्बन्धमा वन नियमावली, २०७९ मा भएको व्यवस्था बमोजिम गर्नु पर्नेछ ।

२८. **रूखहरूको कटान मुछानः** (१) कार्ययोजना अनुसार निर्धारित प्लटमा कटान प्रयोजनका लागि छपान भएका र सोमध्ये सहमति प्राप्त गरिएका रूखहरू मात्र कटान गर्नु पर्नेछ ।

प्रदेश सचिव

(२) सामुदायिक वनको हकमा रूख कटान, मुछान तथा सङ्कलन गर्दा उपभोक्ता समूहले आफ्नै खर्च र जिम्मेवारीमा आर्थिक र मानवीय स्रोत परिचालन गरी गर्नु पर्नेछ र यसका लागि कुनै व्यक्तिबाट सापटी वा काठ दाउरा व्यवसायमा संलग्न व्यक्ति, फर्म, कम्पनी वा उद्योगबाट अग्रिम लगानीका रूपमा रकम लिन पाइने छैन । तर, यस प्रयोजनको लागि उपभोक्ता समूहले वित्तीय संस्थाबाट आर्थिक स्रोत जुटाउन सक्नेछ ।

(३) रूख कटान, मुछान र ढुवानी कार्यका लागि उपभोक्ता समूहले आफ्नै समूहका स्थानीय उपभोक्तालाई पारिश्रमिक दिई परिचालन गर्न प्राथमिकता दिनु पर्नेछ । यसो गर्दा जिल्ला दररेटभन्दा बढी पारिश्रमिक दिन पाइने छैन ।

(४) छपान गरेको रूख कटान गर्दा बोट बिरुवा, जैविक विविधता र वातावरणलाई कम नोक्सान हुने गरी कटान गर्नु पर्नेछ र रूख कटान गर्दा तल्लो छपान ब्लेज़ प्रष्ट रूपमा देखिने गरी छोड्नु पर्नेछ ।

(५) कटान भएका रूखका ठुटामा तोकिएको टाँचा लगाई कटानको क्रमानुसार ठुटा नम्बर समेत लेख्नु पर्नेछ ।

(६) छपान भएका रूखबाहेक अन्य रूख कटान गरिएमा त्यस्तो कार्यमा संलग्न व्यक्ति वा संस्थालाई प्रचलित कानुन अनुसार दण्ड सजाय र जरिवाना समेत हुनेछ ।

**२९. काठ दाउरा कटान मुछानको दररेटः** (१) सामुदायिक वन उपभोक्ता समूहले काठ दाउरा कटान, मुछान, सङ्कलन तथा ढुवानीका लागि आफ्नै स्रोतसाधन परिचालन गर्न नसक्ने अवस्था भई यस्तो कार्य आफैं नगरी ठेक्कापट्टाबाट गराउने भएमा सम्बन्धित जिल्लामा सोही प्रयोजनको लागि निर्धारण भएको दररेटको अधीनमा रही काठ दाउराको कारोबार गर्ने व्यक्ति वा संघसंस्था वा फर्मबीच घटाघट गराई तय गर्नु पर्नेछ ।

(२) समूहबाट व्यवस्थापन भएको बाहेक अन्य क्षेत्रमा डिभिजन वन कार्यालयले काठ दाउराको कटान मुछान प्रतिष्पर्धात्मक तवरबाट सेवा प्रदायक छनौट गरी गर्नु पर्नेछ। तर सेवा प्रदायकबाट सो कार्य हुन नसक्ने अवस्था भएमा अमानतबाट गर्न बाधा पुग्ने छैन।

**३०. गोलिया काठ र दाउराको नाप पैमाइसः** (१) कटान भएका प्रत्येक रूखलाई उचित तरिकाले मुछान (गिण्डा) गरी बजारको माग अनुसार उपयुक्त आकारको हुने गरी गोलियाहरू तयार गर्नु पर्नेछ । तर, गोलिया र वल्लावल्ली हुने काठलाई दाउरामा परिणत गर्न पाइने छैन ।



प्रदेश सचिव

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

(२) गिण्डा पारिएका प्रत्येक गोलियाको गोलाइ र लम्बाइको नाप लिनु पर्नेछ। गोलिया काठको नाप पैमाइस र धोंद कट्टी गर्दा वन नियमावली २०७९ को अनुसूची-९(४) र ९(५) लाई आधार मानी गर्नु पर्नेछ ।

३१. **काठको वर्गीकरणः** (१) कटान गरिएका गोलिया काठको वर्गीकरण गर्दा वन नियमावली २०७९ को अनुसूची-९(६) अनुसार गर्नु पर्नेछ ।

(२) कटान गरिएका रूखहरूबाट निस्केका प्रत्येक गोलियाको सही नाप पैमाइस गरी सबै गोलिया काठको दुबै टक्करमा (Both end) नमेटिने गरी गोलियाको नाप साइज (गोलाइ र लम्बाई) का साथै सो माथि उक्त गोलिया निकालिएको रूख नम्बर, प्रत्येक गिण्डा नम्बर र गोलिया काठको वर्गीकरण (ग्रेड) (ए, बि, सी र डी) सेतो रंगले नमेटिने गरी प्रष्ट बुझिने गरी लेख्नुपर्नेछ ।

(३) कटान क्षेत्रमा उत्पादन भएका सबै गोलिया काठ र दाउराको लगत र नाप पैमाइस अनुसूची-१९ बमोजिमको कटान रजिष्टर तयार गर्नु पर्नेछ ।

३२. **काठ दाउरा ढुवानी र घाटगद्दीः** (१) प्लटमा गोलिया काठ तयार भएपश्चात् वनबाट घाटगद्दीमा काठ दाउरा ढुवानी गर्नु पर्नेछ र काठ दाउरा घाटगद्दी गर्ने स्थान सकेसम्म जङ्गल बाहिरको सुरक्षित ठाउँमा हुनु पर्नेछ ।

(२) काठ ढुवानी गर्दा प्रत्येक गोलियाको दुबैतर्फ पासिङ्ग टाँचा लगाउनुपर्नेछ र गोलिया काठमा समूहको टाँचा नलगाई ढुवानी गर्न पाइने छैन ।

(३) उपदफा (१) बमोजिम भौगोलिक विकटताका कारणले कटान प्लटबाट घाटगद्दी स्थलसम्म गोलिया काठ ढुवानी गर्न नसक्ने अवस्था भएमा सम्बन्धित सब डिभिजन वन कार्यालयको अनुमति लिई हाते आरा वा पावर चेन स: वा पोर्टेवल स:मिल प्रयोग गरी चिरान गरी चिरान काठ घाटगद्दीमा ल्याउन सकिनेछ । यसरी चिरान गरिएको गोलिया काठको नम्बर, नाप र संख्या तथा प्रत्येक गोलियाबाट निस्किएको चिरान काठको नाप रजिष्टर छुट्टै लगत तयार गरी घाटगद्दी रजिष्टरमा जनाउनु पर्नेछ । यसरी सब डिभिजन वन कार्यालयले चिरान सहमति प्रदान गरेको जानकारी डिभिजन वन कार्यालयलाई अविलम्ब दिनु पर्नेछ ।

(४) कटान वा सङ्कलन गरेको खण्ड, उप-खण्ड वा प्लटबाट घाटगद्दी गर्ने स्थानसम्म काठ दाउरा ढुवानी गर्दा अनुसूची-२० बमोजिमको चलानी पूर्जी भरेर ढुवानी गर्ने सवारी चालक वा गोलिया काठ बोक्ने श्रमिकलाई दिइ पठाउनु पर्नेछ र त्यस्तो चलानी पूर्जीमा छाप र प्रतिनिधिको दस्तखत हुनु



प्रदेश सचिव

पर्नेछ । तर कटान क्षेत्र र घाटगद्दीबीचको दुरी १ किलोमिटरभन्दा कम छ भने चलानी पूर्जीविना नै घाटगद्दीसम्म ढुवानी गर्न सकिनेछ ।

(५) चलानी पूर्जी अनुसार चलानी भई आएको काठ दाउराको घाटगद्दी रजिष्टर अनुसूची-२१ बमोजिम तयार गरी प्रमाणित अभिलेख तयार गर्नु पर्नेछ ।

**३३. म्याद थपसम्बन्धी व्यवस्थाः** (१) सामान्यतया कटान प्लटको म्याद थप गरिने छैन। मनासिव माफिकको कारण भएमा सोही आर्थिक वर्षको बैशाख मसान्तभित्र सङ्कलन गरिसक्ने गरी म्याद थप गर्न सकिनेछ ।

(२) उपदफा १ बमोजिम थप गरिएको म्यादभित्र पनि काठदाउरा सङ्कलन हुन नसकेमा सो प्लटको छपान रद्द गरी पुनःशुरुको प्रकृया अवलम्बन गरी काठ दाउरा सङ्कलन गर्नु पर्नेछ।

**३४. निरीक्षण गर्नुपर्नेः** (१) यस परिच्छेद बमोजिम रूख छपान, कटान, मुछान एवं काठ दाउरा ढुवानी र घाटगद्दी तथा नाप पैमाइस आदि कार्य गर्दा स्वीकृत कार्ययोजना र बनसम्बन्धी कानुनको पालना गरे नगरेको विषयमा सब डिभिजन वन कार्यालयले समय समयमा सम्बन्धित प्लट र घाटगद्दीमा गई निरीक्षण गरी प्राविधिक सहयोग र परामर्श उपलब्ध गराउनु पर्नेछ ।

(२) निरीक्षण पश्चात् भए गरेको कामको प्रगति प्रतिवेदन डिभिजन वन कार्यालयमा पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम भए गरेको कामको प्रगति प्रतिवेदन प्राप्त भए पश्चात् डिभिजन वन अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारीबाट कम्तिमा १० (दश) प्रतिशत चेक जाँच गर्नु पर्नेछ ।

**३५. सङ्कलन क्षेत्रको अन्तिम जाँचः** सब डिभिजन वन कार्यालयले कटान कार्य समाप्त भएको एक महिनाभित्र कटान प्लटको अन्तिम निरीक्षण गरी अनुसूची-२२ बमोजिम प्रतिवेदन तयार गरी डिभिजन वन कार्यालयमा पेश गर्नु पर्नेछ । कटान क्षेत्रको अन्तिम निरीक्षणमा वन निर्देशनालयको अधिकृत प्रतिनिधि पनि समावेश हुनु पर्नेछ। तोकिएको समयभित्र निर्देशनालयले आफ्नो अधिकृत प्रतिनिधि खटाई सक्नु पर्नेछ। सङ्कलन क्षेत्रको अन्तिम जाँचको प्रतिवेदन निर्देशनालयले मन्त्रालयमा पेश गर्नु पर्नेछ ।



प्रदेश सचिव

## परिच्छेद-७

### वन व्यवस्थापनका अन्य कृयाकलापहरु सञ्चालन गर्नेसम्बन्धी व्यवस्था

३६. **वन क्षेत्रको खाली जग्गा व्यवस्थापनः** वन क्षेत्रको खाली जग्गामा संभव भएसम्म प्राकृतिक पुनरोत्पादनद्वारा वन बनाउने, प्राकृतिक पुनरोत्पादन हुन नसक्ने अवस्थामा उपयुक्त प्रजातिको वृक्षारोपण गरी वनक्षेत्र विस्तार गर्न सकिनेछ ।

३७. **खोला खहरे तथा पानी निकास व्यवस्थापनः** वनक्षेत्रभित्र रहेका खोला खहरेको संरक्षणको लागि खोला खहरेको दायाँ बायाँ १०/१० मिटर भित्रका रुख बिरुवाको कटान गर्न पाइने छैन । वन क्षेत्रबाट बग्ने पानीको उचित निकासको व्यवस्थापन गरी व्यवस्थापन गरिएको बनक्षेत्रमा भूक्षय हुन नपाउने गरी उपयुक्त प्रबन्ध मिलाउनु पर्नेछ । तर रुखकै कारण थप भूक्षय हुने जोखिमयुक्त रुखहरु हटाउन बाधा पर्ने छैन ।

३८. **अग्नीरेखा निर्माण, मर्मत संभार, स्तर उन्नतिः** वन सम्वर्द्धन गरिने बनमा अग्नीरेखा निर्माण, भएका अग्नीरेखाको मर्मत संभार तथा आवश्यकता अनुसार स्तर उन्नति गर्ने व्यवस्था मिलाउनु पर्नेछ। अग्निरेखा निर्माण गर्दा एक कम्पार्टमेण्ट र अर्को कम्पार्टमेण्टको बीचमा ६ मीटर समतल दुरीको चौडाईमा र एक सवकम्पार्टमेण्ट र अर्को सवकम्पार्टमेण्टको बीचमा ४ मीटर समतल दुरीको चौडाईमा निर्माण गर्नु पर्नेछ ।

३९. **पानी मुहान, सिमसार तथा पानीका स्रोत व्यवस्थापनः** व्यवस्थापन गरिने बनक्षेत्रमा रहेका पानी मुहान, सिमसार तथा पानीका स्रोत व्यबस्थापनको उचित प्रबन्ध मिलाउनु पर्नेछ ।

४०. **कोरिडोर तथा कनेक्टीभिटीः** व्यवस्थापन गरिने बनक्षेत्र जैविक विविधता संरक्षणको दृष्टिकोणबाट कोरीडोर तथा कनेक्टिभिटीभित्र पर्न गएमा सो क्षेत्रबाट ओहोरदोहर गर्ने बन्यजन्तुको आवतजावतमा बाधा नपुग्ने गरी सहज व्यवस्था मिलाउनु पर्नेछ ।

४१. **वन अतिक्रमण नियन्त्रण तथा व्यवस्थापनः** वन अतिक्रमण हुन नपाउने तथा भएका अतिक्रमण हटाई त्यसको व्यवस्थापन गर्ने प्रबन्ध मिलाउनु पर्नेछ ।

४२. **चोरीकटानी तथा चोरी शिकारी नियन्त्रणः** वन क्षेत्रमा हुने संभावित चोरी कटानी तथा चोरी शिकारी नियन्त्रणको प्रबन्ध मिलाउनु पर्नेछ ।

४३. **नदीजन्य पदार्थ तथा बनक्षेत्रको ढुङ्गामाटो उत्खनन् नियन्त्रणः** वन क्षेत्रबाट अवैध रुपमा हुने नदीजन्य पदार्थ तथा बनक्षेत्रको ढुङ्गामाटो उत्खनन् तथा ओसारपसार कार्यको नियन्त्रण गर्नु पर्नेछ ।

४४. **घाटगद्दी व्यवस्थापनः** घाटगद्दी स्थलको आवश्यक सुरक्षा व्यवस्था गर्नु पर्नेछ ।



प्रदेश सचिव

४५. **पर्यापर्यटन कार्यक्रमः** पर्यापर्यटनको संभावना भएका र लाभलागत विश्लेषणबाट सम्भावना देखिएका वनक्षेत्रमा पर्यापर्यटनको विकास गरी थप आयआर्जनको अवसर सिर्जना गर्न सकिनेछ।

४६. **मिचाहा प्रजाति व्यवस्थापनः** मिचाहा प्रजातिको प्रकोप देखिएका वनक्षेत्रमा त्यस्ता प्रजाति हटाइ उपयुक्त प्रजातिहरु हुर्कन सक्ने वातावरण सिर्जना गर्ने तर्फ आवश्यक कार्य गर्न सकिनेछ ।

## परिच्छेद-८

## कटान मुछान पछिको व्यवस्थापनसम्बन्धी व्यवस्था

४७. **हाँगाबिगा हटाउने कार्य (Removal of debris after harvesting):** (१) पुनरोत्पादन/पुनरोत्पादन तयारी कटान गरिएको स्थानमा रुख कटान गरिसकेपछि सबै हाँगाबिगा, टुप्पाटाप्पी हटाएर सफा बनाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सरसफाई कार्य कटान कार्य समाप्त भए पश्चात् रुखको बीउ पाकेर झर्ने समयभन्दा कम्तिमा २ (दुई) हप्ता अगाडि नै गर्नु पर्नेछ ।

४८. **पुनरोत्पादन अभिवृद्धि (Regeneration Promotion):** पुनरोत्पादन अभिवृद्धि (Regeneration Promotion) को कार्य अनुसूची-२३ बमोजिम गर्न सकिनेछ ।

## परिच्छेद-९

## गैरकाष्ठ वन पैदावार व्यवस्थापनसम्बन्धी व्यवस्था

४९. **दाउरा स्याउला बाहेकको गैरकाष्ठ वन पैदावार व्यवस्थापनः** सामुदायिक वनहरुमा दाउरा र स्याउला बाहेकको गैरकाष्ठ वन पैदावारको दिगो उत्पादनको सम्भावना सोही प्रजातिको वन स्रोत सर्वेक्षणबाट यकीन गर्नु पर्नेछ । महत्वपूर्ण गैरकाष्ठ वन पैदावारहरुको छुट्टै व्यवस्थापन योजना बनाई डिभिजनल वन अधिकृतबाट स्वीकृत गराइ कार्यन्वयन गर्नु पर्नेछ ।

५०. **वनबाट प्राप्त हुने अन्य पारिस्थितिकीय सेवा व्यवस्थापनः** वनबाट उत्पादन हुने विभिन्न किसिमका पारिस्थितिकीय सेवाहरु जस्तै सौन्दर्य, पानी, पर्यापर्यटन, भूसंरक्षण आदिको प्रयोजन वन व्यवस्थापनको प्रथामिकतामा परेमा सोसम्बन्धी व्यवस्था र उपयोग वन व्यवस्थापन कार्ययोजनामा उल्लेख गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई कार्यान्वयन गर्नु पर्नेछ ।



प्रदेश सचिव

## परिच्छेद-१०
## क्षमता अभिवृद्धिसम्बन्धी व्यवस्था

५१. **उपभोक्ता समूहको क्षमता अभिवृद्धिः** आफ्नो समूहको अभिलेख एवं कारोबार दुरुस्त राख्नुपर्नेछ। वार्षिक १ (एक) लाखभन्दा बढी कारोबार गर्ने वन उपभोक्ता समूहले एकल वा अरु वन समूहसंगको साझेदारीमा आंशिक वा पूर्णकालिन कार्यालय सहायकको व्यवस्था गर्नसक्नेछ ।

५२. **उपभोक्ता समूहको लागि तालिमः** वन उपभोक्ता समूहले समूहको संस्थागत विकास तथा प्राविधिक क्षमता अभिवृद्धिका लागि सम्बन्धित स्थानीय तह र सरोकारवालाहरुसंगको सहकार्यमा क्रमशः तालिमको व्यवस्था गर्न सक्नेछ ।

५३. **क्षमता अभिवृद्धिका लागि आर्थिक लगानी :** आर्थिक स्रोत कम भएका समूहहरुका लागि मन्त्रालयले डिभिजन वन कार्यालयमार्फत क्षमता अभिवृद्धि योजना र आवश्यक बजेट तय गरी क्रमशः लागु गर्दै जानेछ । यसका लागि डिभिजन वन कार्यालयले सरोकारवालाहरुसंग समन्वय गरी कार्यक्रम सञ्चालन गर्न गराउन सक्नेछ ।

५४. **वन प्राविधिकको क्षमता अभिवृद्धिः** वन व्यवस्थापन कार्ययोजना निर्माण र व्यवस्थापनमा संलग्न सरकारी वा अन्य वन प्राविधिकले वन अनुसन्धान तालिम केन्द्र वा प्राविधिक व्यवसायिक तालिम केन्द्र वा वन विज्ञान अध्ययन अध्यापन गराउने संस्थाबाट वन व्यवस्थापन र कार्यान्वयन सम्बन्धि पठ्यक्रम अनुसार वन विज्ञानसम्बन्धी शिक्षा वा तालिम लिएको हुनु पर्नेछ ।

५५. **तालिम तथा भ्रमण :** वन प्राविधिकको प्राविधिक क्षमता अभिवृद्धिको लागि मन्त्रालयले तालिम तथा अवलोकन भ्रमणहरु सञ्चालन गर्नेछ ।

५६. **वन श्रमिकको क्षमता अभिवृद्धि तथा सुरक्षा :** छपान भएका रुखहरुको कटान, मुछान, ढुवानी, घाटगद्दी आदि कार्यमा लगाइने कामदारहरुलाई चाहिने तालिमको व्यवस्था गर्नु पर्नेछ। मान्यताप्राप्त निकायबाट कटान मुछानसम्बन्धी तालिम प्राप्त भएको व्यक्तिलाई काममा प्राथमिकता दिनु पर्नेछ।

५७. **मेसिनरी औजारको दर्ताः** रुख काट्ने मेसिन (Power chain saw) र घुम्ती चिरान मेसिन (Portable saw mill) डिभिजन वन कार्यालयमा दर्ता भएको हुनु पर्नेछ र यसरी दर्ता नभएका मेसिनरी औजार प्रयोग गर्न पाइने छैन ।

५८. **श्रमिकहरुको दुर्घटना विमा :** वन व्यवस्थापन, कटान, ओसारपसार र वन संरक्षणमा खटिने वन श्रमिकहरुको वनमा काम गर्ने अवधि भरको लागि वन व्यवस्थापकले दुर्घटना विमा गरी दिनु पर्नेछ ।



प्रदेश सचिव

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

# परिच्छेद-११

## अनुगमनसम्बन्धी व्यवस्था

**५९. अनुगमनः** (१) वन सम्वर्द्धन प्रणाली अवलम्बन गरी व्यवस्थापन हुने वनको कार्ययोजनाको तयारी देखि कटान मुछान कार्य समाप्ति पश्चात् गर्नुपर्ने सम्पूर्ण कृयाकलापहरुको वन उपभोक्ता समूहले ३ (तीन) सदस्यीय अनुगमन समिति गठन गरी अनुगमन गराउनु पर्नेछ ।

(२) सम्बन्धित सब डिभिजन वन कार्यालयका वन प्राविधिकले वन सम्वर्द्धन प्रणाली अवलम्बन गरी व्यवस्थापन हुने वनको वन व्यवस्थापन कार्ययोजना तयारीदेखि कटान मुछान कार्य समाप्ति पश्चात् गर्नुपर्ने सम्पूर्ण कृयाकलापहरुको अनुगमन गरी अनुगमन प्रतिवेदन डिभिजन वन कार्यालय, सम्बन्धित स्थानीय तह र सम्बन्धित वन उपभोक्ता समूहलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) डिभिजन वन कार्यलयका वन प्रविधिकले वन सम्वर्द्धन प्रणाली अवलम्बन गरी व्यवस्थापन हुने वनको वन व्यवस्थापन कार्ययोजना तयारीदेखि कटान मुछान कार्य समाप्ति पश्चात् गर्नुपर्ने सम्पूर्ण कृयाकलापहरुको अनुगमन गरी अनुगमन प्रतिवेदन वन निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

(४) देहायको अनुगमन समितिले वन सम्वर्द्धन प्रणाली अवलम्बन गरी व्यवस्थापन हुने वनको आवधिक रुपमा संयुक्त अनुगमन गर्न गराउन सक्नेछ ।

- संयोजकः डिभिजनल वन अधिकृत वा निजले तोकेको वन अधिकृत
- सदस्यः वन निर्देशनालय अधिकृत प्रतिनिधि
- सदस्यः सम्बन्धित स्थानीय तहको प्रतिनिधि
- सदस्यः सामुदायिक वनको हकमा सामुदायिक वन उपभोक्ता महासंघको कम्तिमा सम्बन्धित सब डिभिजन स्तरीय समिति प्रतिनिधि
- सदस्यः सम्बन्धित वन समूहको अध्यक्ष
- सदस्य सचिवः सम्बन्धित सब डिभिजन वन कार्यालयको प्रमुख

(५) वन निर्देशनालय र मन्त्रालयले वन सम्वर्द्धन प्रणाली अवलम्बन गरी व्यवस्थापन हुने वनको वन व्यवस्थापनसम्बन्धी कार्य तथा अन्य सम्बन्धित कार्यको अनुगमन गर्न सक्नेछ र यसरी अनुगमन गर्दा सहयोग गर्नु सम्बन्धित डिभिजन वन कार्यालय र वन समूहको कर्तव्य हुनेछ ।



प्रदेश सचिव

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

## परिच्छेद-१२

### विविध

६०. **प्राविधिक परीक्षणः** (१) वन संवर्द्धन प्रणालीमा आधारित भएर दिगो वन व्यवस्थापन अवधारणा अनुरुप भए नभएको विषयको प्राविधिक परीक्षण मन्त्रालयले देहाय वमोजिमको समितिमार्फत गराउन सक्नेछ:

(क) अधिकृतस्तर नवौं/दशौं (प्राविधिक)वा वन अनसुन्धान तथा प्रशिक्षण केन्द्रको प्रमुख-संयोजक

(ख) अधिकृतस्तर सातौं/आठौं प्रदेश वन निर्देशनालय १ (एक) जना-सदस्य

(ग) मन्त्रालयले तोकेको अधिकृत स्तर सातौं/आठौं १(एक) जना-सदस्य

(घ) मन्त्रालयले तोकेको वन विज्ञानमा कम्तिमा स्नातकोत्तर उत्तिर्ण वन विज्ञ १(एक) जना-सदस्य

(ङ) सम्वन्धित डिभिजन वन कार्यालयको प्रमुख-सदस्य

(२) उपदफा (१) बमोजिम गरिने परीक्षणको सिद्धान्त र आधारहरु अनुसूची-२४ बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिमको समितिले परीक्षण गरी अनुसूची-२५ बमोजिमको ढाँचामा प्रतिवेदनको पेश गर्नु पर्नेछ ।

६१. **कार्ययोजना संशोधनः** वैज्ञानिक वन व्यवस्थापन कार्यविधि-२०७१ बमोजिम कार्ययोजना स्वीकृत भई कार्यान्वयन भएका वा हुने क्रममा रहेका वनहरुको व्यवस्थापन दफा ३ बमोजिमका प्रावधान अनुरुप यो कार्यविधि जारी भएको मितिले १ (एक) वर्षभित्र कार्ययोजनामा संशोधन गरी अख्तियार प्राप्त अधिकारीबाट स्वीकृत गराई कार्यान्वयन गर्नु पर्नेछ। यसरी १ (एक) वर्षभित्र कार्ययोजनामा संशोधन गर्न नसकेमा मन्त्रालयले तोकिदिएको समयावधिभित्र त्यस्ता कार्ययोजनाहरुको संशोधन एवम् स्वीकृत गर्नु पर्नेछ ।

६२. **यसै कार्यविधि अनुसार हुनेः** यस कार्यविधिमा उल्लेख गरिएका प्रावधानहरु यसै कार्यविधि अनुसार हुनेछ । यस कार्यविधिमा उल्लेख गरिएका प्रावधानहरु प्रचलित कानूनसंग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानूनमा उल्लेख भएका प्रावधान नै लागु हुनेछ ।

६३. **व्याख्या गर्ने अधिकारः** यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा उत्पन्न भएमा त्यस्तो द्विविधाको विषयमा बाधा अडकाउ फुकाउने र कार्यविधिमा उल्लेख भएका प्रावधानहरुको व्याख्या गर्ने अधिकार मन्त्रालयलाई हुनेछ ।



प्रदेश सचिव

## अनुसूची-१

### दफा ३ को उपदफा (१) संग सम्बन्धित

### वनको प्रकार, मुख्य प्रजाति र उपयुक्त वन सम्वर्द्धन प्रणाली

| सि. नं. | वनको प्रकार | मुख्य प्रजाति | पुनरोत्पादन अवस्था (प्रति हे.) | वनको सेवा र वस्तुको आवश्यकता र प्रयोग | वन व्यवस्थापनको उद्देश्य | व्यवस्थापनको सिफारिस | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | १९ डिग्रीभन्दा कम भिरालो तराई र शिवालिक साल वन | साल | विरुवा :५००० भन्दा धेरै लाथ्रा २००० भन्दा धेरै | काठ, दाउरा र भूसंरक्षण | संभाव्य भूक्षयलाई न्यूनिकरण गर्ने गरी उत्पादनमुखी (Production oriented) वन व्यवस्थापन | वन सम्वर्द्धन प्रणाली: कटान चक्र सहितको छनौट प्रणाली | |
| | | | | | | कटान चक्र : १० वर्ष | |
| | | | | | | पुनरोत्पादन विधि: प्राकृतिक | |
| | | | | | | उत्पादन नियमन : क्षेत्रफल र आयतनको आधारमा, मौज्दात : २०० घन.मी. प्रति हे. भन्दा माथि छ भने जम्मा मौज्दातको २ प्रतिशत कटान गर्ने, मौज्दात : १५०-२०० घन.मी. प्रति हे. छ भने जम्मा मौज्दातको १ प्रतिशत कटान गर्ने, मौज्दात : १५० घन.मी. प्रति हे. भन्दा कम छ भने जम्मा मौज्दातको ०.५ प्रतिशत कटान गर्ने । | |
| | | | विरुवा : ५००० भन्दा थोरै | | | वन सम्वर्द्धन प्रणाली: इन्डियन इरेगुलर सेल्टरवुड प्रणाली (Indian irregular shelterwood system) | |
| | | | | | | वालीचक्र : ८० वर्ष | |

प्रदेश सचिव

| सि. नं. | वनको प्रकार | मुख्य प्रजाति | पुनरोत्पादन अवस्था (प्रति हे.) | वनको सेवा र वस्तुको आवश्यकता र प्रयोग | वन व्यवस्थापनको उद्देश्य | व्यवस्थापनको सिफारिस | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | लाथ्रा : २००० भन्दा थोरै | | | पुनरोत्पादन विधिः प्राकृतिक | |
| | | | | | | पुनरोत्पादन अवधिः १० वर्ष | |
| | | | | | | माऊ रुख संख्या : १५ देखि २५ वटा प्रतिहेक्टर | |
| | | | | | | उत्पादन नियमन : क्षेत्रफल र आयतनको आधारमा (रुख संख्याको आधारमा) | |
| २ | शिवालिक साल वन: १९ डिग्रीभन्दा बढी र ३१ डिग्रीसम्म भिरालोपन भएको वन क्षेत्र | साल | बिरुवा : ५००० भन्दा धेरै लाथ्रा : २००० भन्दा धेरै | काठ, दाउरा र भू संरक्षण | भूक्षयको दृष्टिकोणले सम्वेदनशील हुने भएकोले संरक्षणलाई प्राथमिकता दिई संरक्षणमुखी (Conservation oriented) वन व्यवस्थापन | वन सम्वर्द्धन प्रणालीः कटान चक्रसहितको एकल रुख छनौट प्रणाली (Single Tree Selection with felling cycle) | |
| | | | | | | पुनरोत्पादन विधिः प्राकृतिक | |
| | | | | | | उत्पादन नियमन : क्षेत्रफल र आयतनको आधारमा, मौज्दात : २०० घन.मी. प्रति हे. भन्दा माथि छ भने जम्मा मौज्दातको १ प्रतिशत कटान गर्ने, मौज्दात : २०० घन.मी. प्रति हे. भन्दा कम छ भने जम्मा मौज्दातको ०.५ प्रतिशत कटान गर्ने । | |
| | | | बिरुवा : ५००० भन्दा थोरै लाथ्रा : २००० | | | वन सम्वर्द्धन प्रणालीः समूह छनौट प्रणाली (Group Selection System) | |
| | | | | | | पुनरोत्पादन विधिः प्राकृतिक | |
| | | | | | | बाली चक्र : १०० वर्ष | |
| | | | | | | कटान चक्र : १० वर्ष | |

प्रदेश सचिव

| सि. नं. | वनको प्रकार | मुख्य प्रजाति | पुनरोत्पादन अवस्था (प्रति हे.) | वनको सेवा र वस्तुको आवश्यकता र प्रयोग | वन व्यवस्थापनको उद्देश्य | व्यवस्थापनको सिफारिस | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | भन्दा थोरै | | | पुनरोत्पादन अवधि : १० वर्ष | |
| | | | | | | उत्पादन नियमन : क्षेत्रफल, रुख संख्या र आयतनको आधारमा, मौज्दात : २०० घन.मी. प्रति हे. भन्दा माथि छ भने जम्मा मौज्दातको १ प्रतिशत कटान गर्ने, मौज्दात : २०० घन.मी. प्रति हे. भन्दा कम छ भने जम्मा मौज्दातको ०.५ प्रतिशत कटान गर्ने । | |
| ३ | शिवालिक साल वन: ३१ डिग्रीभन्दा बढी भिरालोमा भएको वन क्षेत्र | साल | | भूसंरक्षण | संरक्षण (Protection) | भूक्षयका दृष्टिकोणले सम्वेदनशील हुने भएकोले संरक्षणलाई प्राथमिकता दिई संरक्षणमुखी वन व्यवस्थापन गर्ने | |
| | | | | | | यस वन क्षेत्रमा सम्भव भए सम्म ढलेका, सुकेको (सुखड खडा) रुखहरु मात्र हटाउन सकिने | |
| ४ | सिसौ/खयर वृक्षरोपण वन | सिसौ र खयर | | काठ, दाउरा र भूसंरक्षण | काठ दाउरा उत्पादन | वन सम्वर्द्धन प्रणाली: पुनरोत्पादनको लागि माऊ रुख राखी (Seed tree method) गरिने प्रणाली | |
| | | | | | | पुनरोत्पादन विधि: प्राकृतिक वा कृत्रिम (वृक्षारोपण/बीउ छर्ने) | |
| | | | | | | यदि प्रति हे. २०० भन्दा कम रुख छन् भने सिधै Seed Tree Method मा जाने | |



प्रदेश सचिव

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

| सि. नं. | वनको प्रकार | मुख्य प्रजाति | पुनरोत्पादन अवस्था (प्रति हे.) | वनको सेवा र वस्तुको आवश्यकता र प्रयोग | वन व्यवस्थापनको उद्देश्य | व्यवस्थापनको सिफारिस | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | यदि प्रति हे. २०० भन्दा बढी रुख भएमा एक चोटी थिनिङ्ग गरि प्रति हे.(१०० -१५०) रुख संख्या कायम गर्ने र दोस्रो कटानमा माऊ रुख प्रणालीमा जाने | |
| | | | | | | बाली चक्र: ३० देखि ४० वर्ष | |
| | | | | | | उत्पादन नियमन : क्षेत्रफल र रुख संख्याको आधारमा | |
| ५ | नदी तटीय वन | सिसौ, खयर, सिमल, कर्मा, जामुन, अस्ना, सिरिस | | काठ दाउरा र भूसंरक्षण | काठ दाउरा उत्पादन र नदी तटीय क्षेत्रको संरक्षण (Protection) | वन सम्वर्द्धन प्रणाली: सुधार कटान प्रणाली (Improvement felling Method) | |
| | | | | | | पुनरोत्पादन विधि: प्राकृतिक साथै Assisted Regeneration (वृक्षरोपण/बीउ छर्ने) | |
| | | | | | | कटान चक्र: ५ देखि १० वर्ष | |
| | | | | | | उत्पादन नियमन : क्षेत्रफल र आयतन (रुख संख्या) को आधारमा, भूक्षयको दृष्टिकोणले जोखिम बढाउने बूढा रुखहरु हटाउन सकिने । | |
| ६ | तराई तथा भित्री मधेसको हैसियत बिग्रेको वन | साल | झाडी, बुट्यान, मिचाहा प्रजाति | संरक्षण र सीमित गैरकाष्ठ वन पैदावारको प्रयोग | वन पुनःस्थापना (Forest restoration) गरी वन क्षेत्रको | वन सम्वर्द्धन प्रणाली: सुधार कटान (Improvement felling) | |
| | | | | | | पुनरोत्पादन विधि: प्राकृतिक साथै Assisted regeneration (वृक्षरोपण/बीउ छर्ने) साथ साथै झाडी सफाई, पत्लाउने काम गर्ने | |

प्रदेश सचिव

| सि.नं. | वनको प्रकार | मुख्य प्रजाति | पुनरोत्पादन अवस्था (प्रति हे.) | वनको सेवा र वस्तुको आवश्यकता र प्रयोग | वन व्यवस्थापनको उद्देश्य | व्यवस्थापनको सिफारिस | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | आदिले गर्दा मुख्य प्रजातिहरुको छत्र घनत्व (Crown Density) २० प्रतिशत भन्दा कम भएको वन | | उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने | वन डढेलो लाग्न नदिने, आवश्यकता अनुसार घेराबारा गर्ने<br>ढलापढा र सुख्खा खडा रुखहरु भए हटाउने<br>यस प्रकारको वनलाई उच्च प्राथमिकता दिई व्यवस्थापन गर्नु पर्ने र वनको अवस्थामा सुधार आए पश्चात् उपयुक्त वन सम्वर्द्धन प्रणाली अपनाई वन व्यवस्थापन गरिनेछ । | |
| ७ | पहाडी साल वन ( Hill Sal Forest) | साल, चिलाउने, साज, खोटे सल्ला आदि | बिरुवा : ५००० भन्दा धेरै लाथ्रा : २००० भन्दा धेरै | काठ, दाउरा र भूसंरक्षण | भूक्षयका दृष्टिकोणले सम्वेदनशील हुने भएकोले संरक्षणलाई प्राथमिकता दिई संरक्षणमुखी (Conservation orieted) वन व्यवस्थापन | वन सम्वर्द्धन प्रणाली: छनौट प्रणाली (Selection system) अन्तर्गतको Felling area based on felling cycle र समूह छनौट प्रणाली (Group Selection System)<br>कटान चक्र : १० वर्ष<br>पुनरोत्पादन विधि: प्राकृतिक ( Seed or coppice)<br>उत्पादन नियमन विधि: क्षेत्रफल र आयतन अथवा रुख संख्याको आधारमा, मौज्दात : २०० घन.मी. प्रति हे. भन्दा माथि छ भने जम्मा मौज्दातको १ प्रतिशत कटान गर्ने, मौज्दात : १५०-२०० घन.मी. प्रति हे. छ भने जम्मा मौज्दातको ०.५ | |



प्रदेश सचिव

| सि. नं. | वनको प्रकार | मुख्य प्रजाति | पुनरोत्पादन अवस्था (प्रति हे.) | वनको सेवा र वस्तुको आवश्यकता र प्रयोग | वन व्यवस्थापनको उद्देश्य | व्यवस्थापनको सिफारिस | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | प्रतिशत कटान गर्ने, र मौज्दात : १५० घन.मी. प्रति हे. भन्दा कम छ भने जम्मा मौज्दातको ०.२५ प्रतिशत कटान गर्ने । | |
| | | | बिरुवा : ५००० भन्दा थोरै लाथ्रा : २००० भन्दा थोरै | | | वन सम्वर्द्धन प्रणाली: Coppice with standard वा irregular shelter wood system | |
| | | | | | | वालीचक्र : Coppice with standard को लागि ४० वर्ष | |
| | | | | | | वालीचक्र : Irregular shelter wood system को लागि १०० वर्ष | |
| | | | | | | पुनरोत्पादन अवधिः १० वर्ष | |
| | | | | | | पुनरोत्पादन विधिः प्राकृतिक (Seed or coppice) | |
| | | | | | | उत्पादन नियमन विधिः उत्पादन नियमन विधिः क्षेत्रफल, रुख संख्या र आयतनको आधारमा । | |
| ८ | प्राकृतिक सल्ला वन | खोटे सल्ला, गोब्रे सल्ला र पाटे | बिरुवा : ५००० भन्दा धेरै | काठ, दाउरा र भूसंरक्षण | सम्भाव्य भूक्षयलाई न्यूनीकरण गर्ने | वन सम्वर्द्धन प्रणाली: कटान चक्र सहितको समूह छनौट प्रणाली | |
| | | | | | | कटान चक्र : १० वर्ष | |

प्रदेश सचिव

| सि. नं. | बनको प्रकार | मुख्य प्रजाति | पुनरोत्पादन अवस्था (प्रति हे.) | बनको सेवा र वस्तुको आवश्यकता र प्रयोग | वन व्यवस्थापनको उद्देश्य | व्यवस्थापनको सिफारिस | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | सल्ला | लाथ्रा : २००० भन्दा धेरै | | गरि उत्पादनमुखी वन व्यवस्थापन | पुनरोत्पादन विधिः प्राकृतिक तर प्राकृतिक पुनरोत्पादन संतोषजनक नभएको अवस्थामा Enrichment plantation गर्ने । | |
| | | | | | | उत्पादन नियमन विधिः क्षेत्रफल र आयतन अथवा रुख संख्याको आधारमा, मौज्दात : २०० घन.मी. प्रति हे. भन्दा माथि छ भने जम्मा मौज्दातको २ प्रतिशत कटान गर्ने, मौज्दात : १५०-२०० घन.मी. प्रति हे. छ भने जम्मा मौज्दातको १ प्रतिशत कटान गर्ने, र मौज्दात : १५० घन.मी. प्रति हे. भन्दा कम छ भने जम्मा मौज्दातको ०.५ प्रतिशत कटान गर्ने । | |
| | | | बिरुवा : ५००० भन्दा थोरै लाथ्रा : २००० भन्दा थोरै | | | वन सम्वर्द्धन प्रणालीः Irregular shelterwood system | |
| | | | | | | बाली चक्रः खोटे सल्लाको लागि ६० वर्ष र गोब्रे सल्लाको प्राकृतिक बनको लागि १०० वर्ष, पाटे सल्लाको प्राकृतिक बनको लागि ३०-३५ वर्ष हुनेछ । | |
| | | | | | | पुनरोत्पादन अवधिः दुवै सल्लाको प्राकृतिक बनमा ८-१० वर्ष हुनेछ । | |
| | | | | | | पुनरोत्पादन विधिः प्राकृतिक तर प्राकृतिक पुनरोत्पादन संतोषजनक नभएको अवस्थामा Enrichment plantation गरिनेछ । | |



प्रदेश सचिव

बागमती प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय हेटौंडा, नेपाल

| सि. नं. | वनको प्रकार | मुख्य प्रजाति | पुनरोत्पादन अवस्था (प्रति हे.) | वनको सेवा र वस्तुको आवश्यकता र प्रयोग | वन व्यवस्थापनको उद्देश्य | व्यवस्थापनको सिफारिस | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | उत्पादन नियमन विधि (Yield Regulation) : क्षेत्रफल र रुख संख्याको आधारमा (By area and number of stems) | |
| | | | | | | ४५ डिग्री भन्दा बढी भिरालोपन भएको वन क्षेत्रमा भूक्षयका दृष्टिकोणले सम्वेदनशील हुने भएकोले संरक्षणलाई प्राथमिकता दिई संरक्षणमुखी वन व्यवस्थापन गर्ने र ढलेका, सुकेको (सुखड खडा) र भूक्षयको दृष्टिकोणले जोखिम बढाउने बूढा रुखहरु हटाउन सकिने । | |
| १ | वृक्षारोपण सल्ला वन | खोटे सल्ला, गोब्रे सल्ला र पाटे सल्ला | बिरुवा : ५००० भन्दा धेरै<br>लाथ्रा : २००० भन्दा धेरै | काठ, दाउरा र भूसंरक्षण | सम्भाव्य भूक्षयलाई न्यूनीकरण गर्ने गरि उत्पादनमुखी | वन सम्वर्द्धन प्रणालीः कटान चक्र सहितको समूह छनौट प्रणाली वा Irregular shelterwood system | |
| | | | | | | कटान चक्र : ५ वर्ष | |
| | | | | | | पुनरोत्पादन विधिः प्राकृतिक तर पुनरोत्पादन संतोषजनक नभएको अवस्थामा वृक्षारोपण गर्ने | |
| | | | | | | यदी प्रति हे. २०० भन्दा कम रुख छन् भने सिधै छनौट प्रणाली मा जान सकिने | |
| | | | | | | यदी प्रति हे. २०० भन्दा बढी रुख भएमा एक चोटि थिनिङ्ग गरी प्रति हे. १०० देखि १५० रुख संख्या कायम गर्ने र दोस्रो कटानमा छनौट प्रणालीमा जाने | |



प्रदेश सचिव

| सि. नं. | वनको प्रकार | मुख्य प्रजाति | पुनरोत्पादन अवस्था (प्रति हे.) | वनको सेवा र वस्तुको आवश्यकता र प्रयोग | वन व्यवस्थापनको उद्देश्य | व्यवस्थापनको सिफारिस | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | उत्पादन नियमन विधि: रुख संख्याको आधारमा खोटे सल्लाको लागि ४५ वर्षको उमेरसम्ममा तलबाट पत्ल्याउने विधि (Low thinning) बमोजिम १५० देखि २०० सम्म रुख कायम गरी बाँकी रुखहरु कटान गर्न सकिने । पाटे सल्लाको लागि २५ वर्षको उमेरसम्ममा तलबाट पत्ल्याउने विधि (Low thinning) बमोजिम १५० देखि २०० सम्म रुख कायम गरी बाँकि रुखहरु कटान गर्न सकिने । यस पश्चात् कटान चक्र सहितको छनौट प्रणाली वा Irregular shelterwood system अपनाई व्यवस्थापन गर्ने । | |
| | | | बिरुवा : ५००० भन्दा थोरै लाथ्रा : २००० भन्दा थोरै | | | बन सम्वर्द्धन प्रणाली: Irregular shelterwood system | |
| | | | | | | बाली चक्र: खोटे सल्ला र गोब्रे सल्लाको लागि ६० वर्ष र पाटे सल्लाको प्राकृतिक बनको लागि ३०-३५ वर्ष | |
| | | | | | | पुनरोत्पादन अवधि: ५ देखि १० वर्ष | |
| | | | | | | पुनरोत्पादन विधि: प्राकृतिक तर पुनरोत्पादन संतोषजनक नभएको अवस्थामा वृक्षारोपण गर्ने | |
| | | | | | | यदी प्रति हे. २०० भन्दा कम रुख छन् भने सिधै Irregular shelterwood system मा जाने | |



प्रदेश सचिव

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

| सि. नं. | वनको प्रकार | मुख्य प्रजाति | पुनरोत्पादन अवस्था (प्रति हे.) | वनको सेवा र वस्तुको आवश्यकता र प्रयोग | वन व्यवस्थापनको उद्देश्य | व्यवस्थापनको सिफारिस | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | यदी प्रति हे. २०० भन्दा बढी रुख भएमा एक चोटि पत्ल्याउने कार्य (Thinning) गरि प्रति हे.१००-१५० रुख संख्या कायम गर्ने र दोस्रो चरणमा Irregular shelterwood system मा जाने | |
| | | | | | | उत्पादन नियमन विधि: क्षेत्रफल र रुख संख्याको आधारमा | |
| | | | | | | ४५ डिग्रीभन्दा बढी भिरालोपनको अवस्थामा भूक्षयका दृष्टिकोणले संवेदनशिल हुने भएकोले संरक्षणलाई प्राथमिकता दिई संरक्षणमुखी वन व्यवस्थापन गर्ने र ढलापडा, सुखड खडा, टुप्पा भाच्चिएका तथा रोग लागेका र भूसंरक्षणका दृष्टिले समस्याग्रस्त बुढा रुखहरु मात्र हटाउने । | |
| | | | | | | २५ वर्ष भन्दा कम उमेरको वृक्षारोपणमा बाली चक्र खोटे सल्लाको लागि ६० वर्ष र पाटे सल्लाको ३५ वर्षले ७५ प्रतिशत उमेरसम्म खोटे तथा पाटे सल्ला पत्ल्याउने दिग्दर्शन, २०६४ अनुसार पत्ल्याउने कार्य गर्दै जाने र तत् पश्चात् Irregular shelterwood/group selection अपनाई व्यवस्थापन गर्दै जाने | |
| १०. | सल्ला र चौडापातेको | खोटे सल्ला, | | काठ, दाउरा र | भविष्यमा चाहिने | वन सम्वर्द्धन प्रणाली: Irregular shelterwood system/selection system with felling cycles | |



प्रदेश सचिव

| सि. नं. | बनको प्रकार | मुख्य प्रजाति | पुनरोत्पादन अवस्था (प्रति हे.) | बनको सेवा र वस्तुको आवश्यकता र प्रयोग | वन व्यवस्थापनको उद्देश्य | व्यवस्थापनको सिफारिस | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | मिश्रित वन | गोब्रे सल्ला, पाटे सल्ला, चिलाउने, कटुस | | भूसंरक्षण | वनको किसिम अनुसार वार्षिक वृद्धि दर कयम गर्ने | बाली चक्र: खोटे सल्ला बृक्षरोपणको लागि ६० वर्ष र पाटे सल्ला र अन्य सल्लाको लागि ३० देखि ३५ वर्ष | |
| | | | | | | पुनरोत्पादन अवधिः १० वर्ष | |
| | | | | | | पुनरोत्पादन विधिः प्राकृतिक तर प्राकृतिक पुनरोत्पादन संतोषजनक नभएको अवस्थामा वृक्षारोपण गर्ने | |
| | | | | | | उत्पादन नियमन विधिः क्षेत्रफल र रुख संख्याको आधारमा कायम गर्ने | |
| | | | | | | ४५ डिग्रीभन्दा बढी भिरालोपना भएको अवस्थामा भूक्षयका दृष्टिकोणले संवेदनशिल हुने भएकोले संरक्षणालाई प्रथमिकता दिई संरक्षणमुखी वन व्यवस्थापन गर्ने र ढलापडा, सुखड खडा र भूक्षयको दृष्टिकोणले जोखिम बढाउने बूढा रुखहरु हटाउन सकिने | |
| ११ | पहाडी चौडापाते मिश्रित वन | चिलाउने, कटुस, उतिस, काफल, | | काठ, दाउरा र भूसंरक्षण | भूक्षयका दृष्टिकोणले सम्वेदनशील हुने भएकोले | वन सम्वर्द्धन प्रणाली: रुख सहितको मुना प्रणाली (Coppice with standard System) | |
| | | | | | | मुनाको बाली चक्र: १० देखि ३० वर्ष | |
| | | | | | | पुनरोत्पादन अवधिः १० वर्ष | |
| | | | | | | पुनरोत्पादन विधिः प्राकृतिक (मुना र बीउ) | |



प्रदेश सचिव

बागमती प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय हेटौडा, नेपाल

| सि. नं. | वनको प्रकार | मुख्य प्रजाति | पुनरोत्पादन अवस्था (प्रति हे.) | वनको सेवा र वस्तुको आवश्यकता र प्रयोग | वन व्यवस्थापनको उद्देश्य | व्यवस्थापनको सिफारिस | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | गुराँस इत्यादि | | | संरक्षणलाई प्राथमिकता दिई | उत्पादन नियमन विधि: क्षेत्रफल र आयतनको आधारमा (रुख संख्या) निर्धारण गर्ने | |
| | पहाडी चौडापाते झाडीदार मिश्रित वन | | | घाँस, दाउरा, सोत्तर स्याउला आदी | संरक्षणमुखी (Conservation Orieted) वन व्यवस्थापन | वन सम्वर्द्धन प्रणाली: (Coppice selection system / reserve) | |
| | | | | | | कटान चक्र: १० वर्ष | |
| | | | | | | पुनरोत्पादन विधि: प्राकृतिक (मुना र बीउ) | |
| | | | | | | उत्पादन नियमन विधि: क्षेत्रफल र आयतनको आधारमा (रुख संख्या) निर्धारण गरिने । | |
| १२ | शितोष्ण चौडापाते मिश्रित वन | कटुस, खस्रु, बाँझ, फलाट, गुराँस र ओखर इत्यादि | | काठ, दाउरा र भूसंरक्षण | भूक्षयका दृष्टिकोणले सम्वेदनशील हुने भएकोले संरक्षणलाई प्राथमिकता दिई (Production Oriented) वन व्यवस्थापन | वन सम्वर्द्धन प्रणाली: Selection system अन्तर्गतको Felling area based on felling cycle र Group selection system | |
| | | | | | | कटान चक्र : १० वर्ष | |
| | | | | | | पुनरोत्पादन विधि: प्राकृतिक (बीउ) | |
| | | | | | | उत्पादन नियमन विधि: क्षेत्रफल र आयतनको आधारमा (रुख संख्या) निर्धारण गरिनेछ । मौज्दात २०० घन मिटर प्रतिहेक्टरभन्दा माथि छ भने जम्मा मौज्दातको १ प्रतिशत कटान गर्ने र मौज्दात २०० घन मिटर प्रतिहेक्टर भन्दा कम छ भने जम्मा मौज्दातको ०.५ प्रतिशत कटान गर्ने । | |
| | | | | घाँस, दाउरा, | | वन सम्वर्द्धन प्रणाली: Coppice with standard system | |

प्रदेश सचिव

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

| सि. नं. | वनको प्रकार | मुख्य प्रजाति | पुनरोत्पादन अवस्था (प्रति हे.) | वनको सेवा र वस्तुको आवश्यकता र प्रयोग | वन व्यवस्थापनको उद्देश्य | व्यवस्थापनको सिफारिस | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | सोत्तर स्याउला आदी | | कटान चक्र : ५ - १० वर्ष | |
| | | | | | | पुनरोत्पादन विधिः प्राकृतिक (बीउ र मुना) | |
| | | | | | | उत्पादन नियमन विधिः क्षेत्रफलको आधारमा बायोमास निर्धारण गर्ने । | |
| १३ | शितोष्ण कोणधारी वन (Temperate Conifer Forest) | गोब्रे सल्ला, धुपी सल्ला, घोगे सल्ला, स्प्रुस , जुनिपर धुपी र ठिङ्गुरे सल्ला इत्यादि | | काठ, दाउरा र भूसंरक्षण | भूक्षयलाई न्यूनीकरण गरी काठ उत्पादन (Timber Production) | वन सम्बर्द्धन प्रणालीः Uniform sheltrewood system/selection system अन्तर्गतको Felling area based on felling cycle वा group selection system | |
| | | | | | | पुनरोत्पादन अवधिः १५ देखि २० वर्ष | |
| | | | | | | वाली चक्रः १२० देखि १५० वर्ष | |
| | | | | | | पुनरोत्पादन विधिः प्राकृतिक (बीउ) | |
| | | | | | | उत्पादन नियमन विधिः क्षेत्रफल र आयतनको आधारमा रुख संख्या निर्धारण, मौज्दात २०० घन मिटर प्रतिहेक्टर भन्दा माथि छ भने जम्मा मौज्दातको २ प्रतिशत कटान गर्ने, मौज्दात १५० देखि २०० घन मिटर प्रतिहेक्टर सम्म छ भने जम्मा मौज्दातको १ प्रतिशत कटान गर्ने र मौज्दात १५० घन मिटर सम्म प्रतिहेक्टर भन्दा कम छ भने जम्मा मौज्दातको ०.५ प्रतिशत कटान गर्ने । | |

प्रदेश सचिव

| सि. नं. | वनको प्रकार | मुख्य प्रजाति | पुनरोत्पादन अवस्था (प्रति हे.) | वनको सेवा र वस्तुको आवश्यकता र प्रयोग | वन व्यवस्थापनको उद्देश्य | व्यवस्थापनको सिफारिस | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | ४५ डिग्रीभन्दा माथिको भिरालो अवस्थामा भूक्षयका दृष्टिकोणले सम्वेदनशील हुने भएकोले संरक्षणलाई प्राथमिकता दिई संरक्षणमुखी वन व्यवस्थापन गर्ने र ढलापडा, सुखड खडा र भूसंरक्षणका दृष्टिकोणले समस्याग्रस्त बूढा रुखहरु मात्र हटाउने | |
| १४ | सल्ला वृक्षारोपण वनलाई चौडापाते वनमा रुपान्तरित वन (Plantation pine forest to Broadleaved Conversion) | हटाउनु पर्ने मुख्य प्रजातिः खोटे सल्ला, पात्ले सल्ला र गोब्रे सल्ला | स्थापित गर्नु पर्ने प्रजातिः चौडापाते वन प्रजाति | काठ, दाउरा, स्याउला, सोत्तर र भूसंरक्षण | बहुउपयोगी वन व्यवस्थापन | प्रतिस्थापन गर्नुपर्ने प्रजातिः चौडापाते प्रजाति<br>पुनरोत्पादन विधिः प्राकृतिक (मुना र बीउ) र कृत्रिम दुवै<br>पुनरोत्पादन अवधिः १० वर्ष<br>उत्पादन नियमन विधिः क्षेत्रफल र आयतनको आधारमा (रुख संख्या) निर्धारण गरिन्छ, चौडापातेको Advance growth को गुणस्तर कायम गरि वृक्षारोपण गर्दै जाने र कोणधारी प्रजातिलाई घटाउदै लाने<br>यदि सल्लाको रुख संख्या प्रति हेक्टर २०० भन्दा बढी छ भने ५ देखि १० वर्षमा १५० देखि २०० बटामा झार्ने र दोस्रो चरणको ५ देखि १० वर्षमा प्रति हेक्टर ५० बटामा झार्ने<br>न्यूनतम ७५ प्रतिशत चौडापाते र २५ प्रतिशत सल्लाको मिश्रित वन कायम गर्ने, चौडापातेको Advance growth को गुणस्तर कायम गरी वृक्षारोपण गर्दै जाने र सल्ला प्रजातिलाई | |

प्रदेश सचिव

| सि. नं. | वनको प्रकार | मुख्य प्रजाति | पुनरोत्पादन अवस्था (प्रति हे.) | वनको सेवा र वस्तुको आवश्यकता र प्रयोग | वन व्यवस्थापनको उद्देश्य | व्यवस्थापनको सिफारिस | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | घटाउदै जाने | |
| | | | | | | उत्पादन नियमन : क्षेत्रफलको आधारमा रुख संख्या निर्धारण गर्ने | |

नोटः १) पुनरोत्पादनको अवस्था निर्धारण गर्दा मुख्य प्रजातिहरुको स्वस्थ बिरुवा र लाथ्राको प्रति हेक्टर तथ्याङ्क मात्र समावेश गर्नु पर्नेछ ।

२) Shelter wood system मा Advance growth मध्ये स्वस्थ रुख (Phenotypically superior trees) राखी ढलापडा, सुकेका, मरेका र बाङ्गाटिङ्गा रुखहरु कटान गरिनेछ ।

प्रदेश सचिव

अनुसूची-२

दफा ३ को उपदफा (३) संग सम्बन्धित

वन सम्वर्द्धन कार्यहरुको पहिचान

छनौट गरिएको वन सम्वर्धन प्रणालीको आधारमा बनको विभिन्न Sub-compartment/annual coupe/annual felling area मा रहेको वनको अवस्था (उमेर, मोटाई, पुनरोत्पादन) अनुसार उपयुक्त वन सम्वर्धन कार्यहरु पहिचान गरी सिफारिस गर्नु पर्दछ ।

**१. सरपट कटान प्रणाली (Clear-felling System)**

बाली चक्र १० बर्षको राख्दा वनलाई निम्नानुसारको वार्षिक कटान क्षेत्रमा विभाजन गरी प्रत्येक कटान क्षेत्रको लागि उपयुक्त वन सम्वर्द्धन कार्य क्रियाकलाप तोक्नु पर्दछ । उदाहरणका लागि निम्नानुसार चित्र र तालिकामा प्रस्तुत गरिएको छ ।

**चित्र १ : सरपट कटान प्रणालीमा बार्षिक कटान क्षेत्र र वन सम्वर्द्धनका कृयाकलापहरु**

| | | | | |
|---|---|---|---|---|
| १ बर्ष(A10) | २ बर्ष (A9) | ३ बर्ष (A8) | ४ बर्ष (A7)<br>पहिलो थिनिङ | ५ बर्ष (A6) |
| १० बर्ष (A1)<br>कटान | ९ बर्ष (A2) | ८ बर्ष (A3) | ७ बर्ष (A4)<br>अन्तिम थिनिङ | ६ बर्ष (A5) |

A= Annual coupe

बन व्यवस्थापन कार्ययोजनाको अवधि १० (दश) बर्षको भएमा सरपट कटान प्रणालीमा बन सम्वर्द्धनका कृयाकलाप कार्यान्वयन कार्यतालिका निम्नानुसारको बनाउनु पर्दछ ।

**तालिका १: सरपट कटान प्रणालीमा वन सम्वर्द्धनका कृयाकलाप कार्यान्वयन कार्य तालिका**

| बर्ष | कार्यान्वयन गरिने बन सम्वर्द्धनका कृयाकलाप |
|---|---|
| पहिलो | • बार्षिक कटान क्षेत्र १ (A1) मा रहेका सम्पूर्ण रुखहरु कटान गर्ने र सो ठाँउमा बिरुवा रोपण गर्ने ।<br>• A4 मा अन्तिम पत्ल्याउने काम (Final thinning) गर्ने ।<br>• A7 मा पहिलो पत्ल्याउने काम (First thinning) गर्ने ।<br>• A9 र A10 मा पुनरोत्पादन अभिवृद्धि (Regeneration promotion) को काम गर्ने । |
| दोस्रो | • A2 मा रहेका सम्पूर्ण रुखहरु कटान गर्ने र सो ठाँउमा बिरुवा रोपण गर्ने ।<br>• A5 मा अन्तिम पत्ल्याउने काम (Final thinning) गर्ने ।<br>• A8 मा पहिलो पत्ल्याउने काम (First thinning) गर्ने ।<br>• A1 र A10 मा पुनरोत्पादन अभिवृद्धि (Regeneration promotion) को काम गर्ने । |
| तेस्रो | • A3 मा रहेका सम्पूर्ण रुखहरु कटान गर्ने र सो ठाँउमा बिरुवा रोपण गर्ने ।<br>• A6 मा अन्तिम पत्ल्याउने काम (Final thinning) गर्ने ।<br>• A9 मा पहिलो पत्ल्याउने काम (First thinning) गर्ने ।<br>• A1 र A2 मा पुनरोत्पादन अभिवृद्धि (Regeneration promotion) को काम गर्ने । |



प्रदेश सचिव

| वर्ष | कार्यान्वयन गरिने वन सम्वर्द्धनका कृयाकलाप |
|---|---|
| चौथो | • A4 मा रहेका सम्पूर्ण रुखहरु कटान गर्ने र सो ठाँउमा बिरुवा रोपण गर्ने ।<br>• A7 मा अन्तिम पतल्याउने काम (Final thinning) गर्ने ।<br>• A10 मा पहिलो पतल्याउने काम (First thinning) गर्ने ।<br>• A2 र A3 मा पुनरोत्पादन अभिवृद्धि (Regeneration promotion) को काम गर्ने । |
| पाँचौ | • A5 मा रहेका सम्पूर्ण रुखहरु कटान गर्ने र सो ठाँउमा बिरुवा रोपण गर्ने ।<br>• A8 मा अन्तिम पतल्याउने काम (Final thinning) गर्ने ।<br>• A1 मा पहिलो पतल्याउने काम (First thinning) गर्ने ।<br>• A3 र A4 मा पुनरोत्पादन अभिवृद्धि (Regeneration promotion) को काम गर्ने । |
| छैठौ | • A6 मा रहेका सम्पूर्ण रुखहरु कटान गर्ने र सो ठाँउमा बिरुवा रोपण गर्ने ।<br>• A9 मा अन्तिम पतल्याउने काम (Final thinning) गर्ने ।<br>• A2 मा पहिलो पतल्याउने काम (First thinning) गर्ने ।<br>• A4 र A5 मा पुनरोत्पादन अभिवृद्धि (Regeneration promotion) को काम गर्ने । |
| सातौं | • A7 मा रहेका सम्पूर्ण रुखहरु कटान गर्ने र सो ठाँउमा बिरुवा रोपण गर्ने ।<br>• A10 मा अन्तिम पतल्याउने काम (Final thinning) गर्ने ।<br>• A3 मा पहिलो पतल्याउने काम (First thinning) गर्ने ।<br>• A5 र A6 मा पुनरोत्पादन अभिवृद्धि (Regeneration promotion) को काम गर्ने । |
| आठौं | • A8 मा रहेका सम्पूर्ण रुखहरु कटान गर्ने र सो ठाँउमा बिरुवा रोपण गर्ने ।<br>• A1 मा अन्तिम पतल्याउने काम (Final thinning) गर्ने ।<br>• A4 मा पहिलो पतल्याउने काम (First thinning) गर्ने ।<br>• A6 र A7 मा पुनरोत्पादन अभिवृद्धि (Regeneration promotion) को काम गर्ने । |
| नवौं | • A9 मा रहेका सम्पूर्ण रुखहरु कटान गर्ने र सो ठाँउमा बिरुवा रोपण गर्ने ।<br>• A2 मा अन्तिम पतल्याउने काम (Final thinning) गर्ने ।<br>• A5 मा पहिलो पतल्याउने काम (First thinning) गर्ने ।<br>• A7 र A8 मा पुनरोत्पादन अभिवृद्धि (Regeneration promotion) को काम गर्ने । |
| दशौं | • A10 मा रहेका सम्पूर्ण रुखहरु कटान गर्ने र सो ठाँउमा बिरुवा रोपण गर्ने ।<br>• A3 मा अन्तिम पतल्याउने काम (Final thinning) गर्ने ।<br>• A6 मा पहिलो पतल्याउने काम (First thinning) गर्ने ।<br>• A8 र A9 मा पुनरोत्पादन अभिवृद्धि (Regeneration promotion) को काम गर्ने । |

## २. छत्र प्रणाली (Shelterwood System)

बाली चक्र ८० (असी) वर्ष र पुनरोत्पादन अवधि १० (दश) वर्ष राख्दा वनलाई निम्नानुसारको आवधिक खण्डमा विभाजन गरी प्रत्येक आवधिक खण्डको लागि उपयुक्त क्रियाकलाप तोक्नु पर्दछ । उदाहरणका लागि निम्नानुसार चित्र र तालिकामा प्रस्तुत गरिएको छ ।



प्रदेश सचिव

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
...नेपाल

चित्र २: छत्र प्रणालीमा आवधिक खण्ड र वन सम्वर्द्धन कृयाकलाप

| | |
|---|---|
| B1C1S1<br>RF(Regeneration felling) | B1C1S5<br>PF (Preparatory felling) |
| B1C1S2<br>T+I (Thinning + Improvement felling) | B1C1S6<br>T+I |
| B1C1S3<br>T+I | B1C1S7<br>T+I |
| B1C1S4<br>T+I | B1C1S8<br>T+I |

B= Block, C= Compartment, S= Sub-compartment, RF= Regeneration felling, PF= Prepatory felling, T= Thinning, I= Improvement felling

यसरी हरेक आवधिक खण्डमा गरिने वन सम्वर्द्धनका कृयाकलापहरु तोकिसकेपछि ती कृयाकलापहरु वन व्यवस्थापन कार्ययोजना कार्यान्वयनको कुन वर्ष सम्पादन गरिने हो सो खोली वन सम्वर्द्धनका कृयाकलाप कार्यान्वयन कार्यतालिका वन व्यवस्थापन योजनामा समावेश गर्नु पर्दछ ।वन सम्वर्द्धनका कृयाकलाप कार्यान्वयन कार्य तालिकाको नमूना निम्नानुसार प्रस्तुत गरिएको छ ।

तालिका २:छत्र प्रणालीमा वन सम्वर्द्धनका कृयाकलाप कार्यान्वयन कार्य तालिका(एक कटान शृङ्खलाको लागि)

| वर्ष | कार्यान्वयन गरिने वन सम्वर्द्धनका कृयाकलाप |
|---|---|
| पहिलो | पुनरोत्पादन कटान (B1C1S1), पुनरोत्पादन अभिवृद्धि(रुख कटान भएको स्थानमा) |
| दोस्रो | पुनरोत्पादन कटान (B1C1S1), पुनरोत्पादन अभिवृद्धि(हाल सम्म रुख कटान भएको स्थानमा), पत्ल्याउने तथा सुधार कटान (T+I) B1C1S2 मा |
| तेस्रो | पुनरोत्पादन कटान (B1C1S1), पुनरोत्पादन अभिवृद्धि(हाल सम्म रुख कटान भएको स्थानमा), पत्ल्याउने तथा सुधार कटान (T+I) B1C1S3 मा |
| चौथो | पुनरोत्पादन कटान (B1C1S1), पुनरोत्पादन अभिवृद्धि(पछिल्लो तीन वर्ष रूख कटान भएको स्थानमा),पुनरोत्पादन तयारी कटान (PF) B1C1S5 मा |
| पाँचौ | पुनरोत्पादन कटान (B1C1S1), पुनरोत्पादन अभिवृद्धि(पछिल्लो तीन वर्ष रूख कटान भएको स्थानमा),पत्ल्याउने तथा सुधार कटान (T+I) B1C1S4 मा |
| छैठौं | पुनरोत्पादन कटान (B1C1S1), पुनरोत्पादन अभिवृद्धि(पछिल्लो तीन वर्ष रूख कटान भएको स्थानमा),पत्ल्याउने तथा सुधार कटान (T+I) B1C1S6 मा |
| सातौ | पुनरोत्पादन कटान (B1C1S1), पुनरोत्पादन अभिवृद्धि(पछिल्लो तीन वर्ष रूख कटान भएको स्थानमा),पत्ल्याउने तथा सुधार कटान (T+I) B1C1S7 मा |
| आठौं | पुनरोत्पादन कटान (B1C1S1), पुनरोत्पादन अभिवृद्धि(पछिल्लो तीन वर्ष रूख कटान भएको स्थानमा),पत्ल्याउने तथा सुधार कटान (T+I) B1C1S8 मा |
| नवौं | पुनरोत्पादन कटान (B1C1S1), पुनरोत्पादन अभिवृद्धि(पछिल्लो तीन वर्ष रूख कटान भएको स्थानमा) |
| दशौं | पुनरोत्पादन कटान (B1C1S1), पुनरोत्पादन अभिवृद्धि(पछिल्लो तीन वर्ष रूख कटान भएको स्थानमा) |



प्रदेश सचिव

## ३. छनौट प्रणाली (Selection system)

कटान चक्र १० (दश) वर्षको राख्दा वनलाई निम्नानुसार कटान क्षेत्रमा विभाजन गरी प्रत्येक कटान क्षेत्रको लागि उपयुक्त वन सम्वर्द्धन कार्य क्रियाकलाप तोक्नु पर्दछ । उदाहरणका लागि निम्नानुसार चित्र र तालिकामा प्रस्तुत गरिएको छ ।

चित्र ३ : छनौट प्रणालीमा कटान क्षेत्र र वन सम्वर्द्धनका कृयाकलापहरु

| | | | | |
|---|---|---|---|---|
| कटान क्षेत्र १<br>a1 or n1 or v1 | कटान क्षेत्र २<br>a2 or n2 or v2 | कटान क्षेत्र ३<br>a3 or n3 or v3 | कटान क्षेत्र ४<br>a4 or n4 or v4 | कटान क्षेत्र ५<br>a5 or n5 or v5 |
| कटान क्षेत्र १० | कटान क्षेत्र ९<br>a9 or n9 or v9 | कटान क्षेत्र ८<br>a8 or n8 or v8 | कटान क्षेत्र ७<br>a7 or n7 or v7 | कटान क्षेत्र ६<br>a6 or n6 or v6 |

यसमा a = वार्षिक कटान क्षेत्र,n = वार्षिक कटान गरिने रुख संख्या र v = वार्षिक कटान गरिने आयतन

यसरी वनलाई कटान क्षेत्रमा बाँडिसकेपछि कुन कटान क्षेत्रमा के काम कुन वर्षमा सम्पादन गर्ने हो सो तोकी कार्ययोजना बनाउनु पर्दछ (चित्र २ र तालिका २) ।

तालिका ३ : छनौट प्रणालीमा वन सम्वर्द्धनका कृयाकलाप कार्यान्वयन कार्यतालिका

| वर्ष | कार्यान्वयन गरिने वन सम्वर्द्धनका कृयाकलाप |
|---|---|
| पहिलो | कटान क्षेत्र १ मा ....... हेक्टरमा (वा .... घनफीट वा ......... गोटा) रहेका रुखहरु कटान गर्ने, सो स्थानमा पुनरोत्पादन अभिवृद्धिका काम गर्ने र कटान क्षेत्र १ को बाँकी भागमा पलल्याउने र सुधार कटान गर्ने । |
| दोस्रो | कटान क्षेत्र २ मा ....... हेक्टरमा (वा .... घनफीट वा ......... गोटा) रहेका रुखहरु कटान गर्ने, सो स्थान र कटान क्षेत्र १ को रुख कटान भएको स्थानमा पुनरोत्पादन अभिवृद्धिका काम गर्ने र कटान क्षेत्र २ को बाँकी भागमा पलल्याउने र सुधार कटान गर्ने । |
| तेस्रो | कटान क्षेत्र ३ मा ....... हेक्टरमा (वा .... घनफीट वा ......... गोटा) रहेका रुखहरु कटान गर्ने, सो स्थान र कटान क्षेत्र १ र कटान क्षेत्र २ को रुख कटान भएको स्थानमा पुनरोत्पादन अभिवृद्धिका काम गर्ने र कटान क्षेत्र ३ को बाँकी भागमा पलल्याउने र सुधार कटान गर्ने । |
| चौथो | कटान क्षेत्र ४ मा ....... हेक्टरमा (वा .... घनफीट वा ......... गोटा) रहेका रुखहरु कटान गर्ने, सो स्थान, कटान क्षेत्र २ र कटान क्षेत्र ३ को रुख कटान भएको स्थानमा पुनरोत्पादन अभिवृद्धिका काम गर्ने र कटान क्षेत्र ४ को बाँकी भागमा पलल्याउने र सुधार कटान गर्ने । |
| पाँचौ | कटान क्षेत्र ५ मा ....... हेक्टरमा (वा .... घनफीट वा ......... गोटा) रहेका रुखहरु कटान गर्ने, सो स्थान, कटान क्षेत्र ३ र कटान क्षेत्र ४ को रुख कटान भएको स्थानमा पुनरोत्पादन अभिवृद्धिका काम गर्ने र कटान क्षेत्र ५ को बाँकी भागमा पलल्याउने र सुधार कटान गर्ने । |
| छैठौं | कटान क्षेत्र ६ मा ....... हेक्टरमा (वा .... घनफीट वा ......... गोटा) रहेका रुखहरु कटान गर्ने, सो स्थान, कटान क्षेत्र ४ र कटान क्षेत्र ५ को रुख कटान भएको स्थानमा पुनरोत्पादन अभिवृद्धिका काम गर्ने र कटान क्षेत्र ६ को बाँकी भागमा पलल्याउने र सुधार कटान गर्ने । |
| सातौं | कटान क्षेत्र ७ मा ....... हेक्टरमा (वा .... घनफीट वा ......... गोटा) रहेका रुखहरु कटान गर्ने, सो स्थान, कटान क्षेत्र ५ र कटान क्षेत्र ६ को रुख कटान भएको स्थानमा पुनरोत्पादन अभिवृद्धिका काम गर्ने र कटान क्षेत्र ७ को बाँकी भागमा पलल्याउने र |



प्रदेश सचिव

| वर्ष | कार्यान्वयन गरिने वन सम्बर्द्धनका कृयाकलाप |
|---|---|
| | सुधार कटान गर्ने । |
| आठौं | कटान क्षेत्र ८ मा ...... हेक्टरमा (वा ... घनफीट वा ......... गोटा) रहेका रुखहरु कटान गर्ने, सो स्थान, कटान क्षेत्र ६ र कटान क्षेत्र ७ को रुख कटान भएको स्थानमा पुनरोत्पादन अभिवृद्धिका काम गर्ने र कटान क्षेत्र ८ को बाँकी भागमा पल्याउने र सुधार कटान गर्ने । |
| नवौं | कटान क्षेत्र ९ मा ...... हेक्टरमा (वा ... घनफीट वा ......... गोटा) रहेका रुखहरु कटान गर्ने, सो स्थान, कटान क्षेत्र ७ र कटान क्षेत्र ८ को रुख कटान भएको स्थानमा पुनरोत्पादन अभिवृद्धिका काम गर्ने र कटान क्षेत्र ९ को बाँकी भागमा पल्याउने र सुधार कटान गर्ने । |
| दशौं | कटान क्षेत्र १० मा ...... हेक्टरमा (वा ... घनफीट वा ......... गोटा) रहेका रुखहरु कटान गर्ने, सो स्थान, कटान क्षेत्र ८ र कटान क्षेत्र ९ को रुख कटान भएको स्थानमा पुनरोत्पादन अभिवृद्धिका काम गर्ने र कटान क्षेत्र १० को बाँकी भागमा पल्याउने र सुधार कटान गर्ने । |

### ४. अन्य वन व्यवस्थापनका कृयाकलापहरु

वन व्यवस्थापनका कृयाकलापका अतिरिक्त वन व्यवस्थापनको लागि गर्न पर्ने अन्य वन व्यवस्थापनका कृयाकलापहरु तालिका ४ मा प्रस्तुत गरिएको छ । वन व्यवस्थापन क्षेत्रको अवस्था र वस्तुस्थिति अनुसार तालिका ४ मा प्रस्तुत गरिएका विषयवस्तुहरु वन व्यवस्थापन कार्ययोजनामा समावेश गरी कार्यान्वयन गर्नु पर्दछ ।

तालिका नं ४ अन्य वन व्यवस्थापनका कृयाकलापहरु

| क्र.स. | अन्य वन व्यवस्थापनका कृयाकलापहरु |
|---|---|
| १ | वनक्षेत्रको खाली जग्गा व्यवस्थापन |
| २ | खोला खहरे तथा पानी निकास व्यवस्थापन |
| ३ | अग्नी रेखा निर्माण, मर्मत संभार, स्तर उन्नति र सुधार गर्ने कार्य |
| ४ | पानी मुहान, सिमसार तथा पानीका स्रोत व्यवस्थापन |
| ५ | कोरिडोर तथा कनेक्टीभिटी |
| ६ | मानव वन्यजन्तु सह-अस्तित्व विकास |
| ७ | **वन संरक्षण**<br>क) वन अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन<br>ख) वन डढेलो नियन्त्रण<br>ग) चोरीकटानी तथा चोरी शिकारी नियन्त्रण<br>घ) नदीजन्य पदार्थ तथा वनक्षेत्रको माटो उत्खनन् नियन्त्रण |
| ८ | घाटगद्दी व्यवस्थापन |
| ९ | पर्यापर्यटन कार्यक्रम |
| १० | तथ्याङ्क व्यवस्थापन |
| ११ | मिचाहा प्रजाती व्यवस्थापन |
| १२ | ग्रिन बेल्टको निर्माण |

यसरी वन सम्वर्द्धनका कृयाकलापहरु तथा अन्य वन व्यवस्थापनका कृयाकलापहरु उचित रुपमा कार्यान्वयन गरेमा मात्र वन व्यवस्थापन हुन्छ । यसको लागि कार्य तालिका बनाएर काम गर्नु पर्दछ ।



प्रदेश सचिव

अनुसूची-३

दफा ३ को उपदफा (४) संग सम्बन्धित

**वन परिपालन (Tending Operations)**

वन परिपालन कार्यमा गोडमेल (Weeding), झाडी सफाई (Cleaning), एकल्याउने (Singling), हाँगा काँटछाँट (Pruning) र पतल्याउने (Thinning) कार्यहरु पर्दछ । यीमध्ये झाडी सफाई र पतल्याउने कार्य मुख्य हुन् ।

**झाडी सफाई** (Cleaning)

पुनरोत्पादन कटान क्षेत्र वा अन्य वन खण्डमा पुनरोत्पादन अभिवृद्धि गर्न घाँस, झाडी, बुट्यान, लहरा आदि काट्ने, उखेल्ने कार्यलाई झाडी सफाई (Cleaning) भनिन्छ । यस कार्यमा काटिएका घाँस, झाडी, बुट्यान, लहरालाई प्लट बाहिर अग्निरेखा वा नजिकको खोला खोल्सीमा बिसर्जन गर्ने वा जैविक कोईला बनाउने कार्य गर्नु पर्दछ । यो कार्य झाडी बुट्यानको चाप र पुनरोत्पादनको अवस्था हेरी पहिलो र दोस्रो वर्ष वर्षा यामको शुरु (जेठ/असार) मा एक पटक र बर्षा यामको अन्त (भाद्र/आश्विन) मा गरी वर्षको २ (दुई) पटक गर्दा पुनरोत्पादनको वृद्धि राम्रो हुन्छ । तेस्रो र चौथो वर्षमा भाद्र/आश्विनमा एकपटक गर्नु पर्दछ ।

**पतल्याउने** (Thinning)

पतल्याउने कार्य मुख्यतः बढ्दो उमेरका रुखहरु (लाथ्रा, बल्लाबल्ली र अपरिपक्व रुखहरु) रहेको स्थानमा गरिन्छ । उमेर पुगेका बूढा भई सकेका र नबढ्ने रुखहरु भएको स्थानमा पतल्याउने कार्य गर्नुको कुनै औचित्य हुँदैन । पतल्याउने कार्य पश्चात् वन खण्डमा बाँकी रहेका रुखहरुको मोटाई वृद्धिमा तिब्रता आउँछ । पतल्याउने कार्य निश्चित वर्षको अन्तरालमा गर्नु पर्दछ । योजना बमोजिम तोकिएको अन्तरालमा तोकिएको समयमा पतल्याउने कार्य सम्पादन गर्न नसकिएमा अपेक्षाकृत रुपमा रुखको गोलाई वृद्धि हुँदैन । एक पतल्याउने कार्यदेखि अर्को पतल्याउने कार्यबीचको समय अवधिलाई पतल्याउने चक्र (Thinning cycle) भनिन्छ । तसर्थ उचित पतल्याउने चक्र कायम गरी नियमित रुपमा पतल्याउने कार्य गर्नु पर्दछ । औसत व्यास (DBH) वा इच्छाइएको व्यासको आधारमा उपयुक्त दुरी कायम हुने गरी राखिने रुखको संख्या कायम गर्न सकिन्छ अथवा शुरुको पतल्याउने कार्य (Initial thinning) गर्दा कायम गरिने संख्या र अन्तिम पतल्याउने कार्य (Final thinning) पश्चात् कायम गरिने संख्याको आधारमा चरणबद्ध रुपमा कायम गर्नु पर्ने दुरी हिसाव गरेर सो दुरी कायम गरी पतल्याउने कार्य गर्न सकिन्छ । पतल्याउने चक्र निर्धारण गर्न सहजीकरण गर्ने उद्देश्यले बाली चक्रको आधारमा पतल्याउने चक्र निम्न तालिकामा प्रस्तुत गरिएको छ । वन व्यवस्थापन कार्ययोजना बनाउँदा यसलाई आधार लिई आवश्यकता अनुसार वा सान्दर्भिकतालाई समेत ध्यान दिई उपयुक्त पतल्याउने चक्र कायम गर्न सकिन्छ ।

बाली चक्रको आधारमा पतल्याउने चक्र र पतल्याउने संख्या देखाईएको तालिका

| क.स. | बाली चक्र | पतल्याउने चक्र (Thinning cycle in years) | पतल्याउने संख्या (Number of thinnings) |
|---|---|---|---|
| १ | १० वर्ष सम्म | २ देखि ३ वर्षको अन्तरालमा | २ |



प्रदेश सचिव

| | | | |
|---|---|---|---|
| २ | १० देखि २० वर्ष | ४ देखि ५ वर्षको अन्तरालमा | ३ |
| ३ | २० देखि ४० वर्ष | ५ देखि ६ वर्षको अन्तरालमा | ४ |
| ४ | ४० देखि ६० वर्ष | ६ देखि ८ वर्षको अन्तरालमा | ५ |
| ५ | ६० वर्ष भन्दा बढी | १० वर्षको अन्तरालमा | ५ |

नोटः अन्तिम थिनिङ्ग वाली चक्रको दुई तिहाइ उमेर भन्दा पछाडि गर्नु हुँदैन ।

दिगो वन व्यवस्थापन कार्यविधि, २०७९



प्रदेश सचिव

अनुसूची-४

दफा ५ संग सम्बन्धित

छत्र प्रणालीमा उत्पादन परिमाण (आयतन, रुख संख्या, क्षेत्रफल) निर्धारण (Yield regulation under shelterwood system) तरिका

## १. क्षेत्रफल र रुख संख्याको आधारमा कटान परिमाण निर्धारण गर्ने तरिका

छत्र प्रणालीमा पुनरोत्पादन अवधिभर रुख कटान गर्ने क्षेत्र तोकिएको हुन्छ ।जस्तो कि पुनरोत्पादन कटान गर्ने आवधिक खण्डमा मात्र कटान (Harvesting) गरिन्छ । हरेक आवधिक खण्डको क्षेत्रफल पहिलेनै निर्धारित हुन्छ तसर्थ एक तहको उत्पादन नियमन क्षेत्रफलबाट नै भयो । किनभने पुनरोत्पादन अवधिभर पुनरोत्पादन कटान गर्ने आवधिक खण्डमा बाहेक अन्यत्र रुख कटान (Harvesting) गरिँदैन । पुनरोत्पादन अवधिमा पुनरोत्पादन कटान गर्ने आवधिक खण्डमा रहेका माउ रुख र ४० से.मी. भन्दा साना व्यासका स्वस्थ रुख बिरुवाहरुबाहेक अन्य सबै रुखहरु कटान गरिन्छ । तसर्थ हरेक वर्ष कटान गर्ने रुख संख्या निम्नानुसार निर्धारण गर्न सकिन्छ ।

पुनरोत्पादन कटान गर्ने आवधिक खण्डमा रहेका रुखहरुको संख्या ४० से.मी. वा सो भन्दा बढी व्यासका पत्ता लगाउने । रुख नक्साङ्कनबाट यो पत्ता लाग्छ । यस्तै कायम राख्नु पर्ने माऊ रुख पहिचान गरी संख्या पत्ता लगाउने । यो पनि रुख नक्साङ्कनबाट गर्न सकिन्छ । जम्मा रुख संख्या बाट माऊ रुखको संख्या घटाउदा जम्मा कटान गर्न उपलब्ध रुख सङ्ख्या आउँछ । कटान गर्न उपलब्ध रुख संख्यालाई पुनरोत्पादन अवधिले भाग गरेमा बार्षिक रुपमा कटान गर्ने रुख संख्या आउँछ ।

**उदाहरणको लागि,**

पुनरोत्पादन कटान गर्ने आवधिक खण्डमा रहेका जम्मा रुख सख्या (Nt) = ५००० गोटा

कायम गर्नु पर्ने माऊ रुख संख्या (पुरै आवधिक खण्डको पुरै भागमा) Mt = १००० गोटा

कटान गर्न उपलब्ध रुख संख्या (Ft) = Nt-Mt = ५००० – १००० = ४००० गोटा

पुनरोत्पादन अवधि (Rp) = १० वर्ष

हरेक वर्ष कटान गर्ने रुख संख्या =Ft/Rp = ४०००/१० = ४०० गोटा

यसरी हरेक वर्ष पुनरोत्पादन कटान गर्ने आवधिक खण्डमा बूढारुखको बाहुल्यता भएको, पुनरोत्पादन कम भएको र अर्को वर्ष रुख कटान गर्दा यस अघि कटान भएको स्थानबाट वनपैदावार ढुवानी गर्दा नोक्सान नहुने गरी ४०० वटा रुख कटान गरिन्छ । यी ४०० रुखबाट प्राप्त हुने परिमाण नै बार्षिक उत्पादन हो ।



प्रदेश सचिव

Indian irregular shelterwood system मा तोकिएका संख्याका रुखहरु पुनरोत्पादन कटान गर्ने आवधिक खण्डको सबै भन्दा बढी बूढा रुखहरु भएको र पुनरोत्पादन कमसल भएको स्थानबाट कटान गरिन्छ । यसरी कटान गर्दा ४० से.मी. भन्दा कम व्यास भएका स्वस्थ रुख बिरुवाहरु कटान नगरी भविष्यको बालिको रुपमा कायम राखिन्छ । कटान गरिएको स्थानमा तोकिएको संख्याका माऊ रुखहरु राखिन्छ । कटान गर्ने रुखसंख्या निर्धारण गर्दा नै माऊ रुखको संख्या घटाएर हिसाब गरिने र माऊ रुख र कटान गर्ने रुख पहिले नै पहिचान गरी योजनामा राखिने भएको हुँदा तोकिएको संख्याका रुखहरु काट्दा माऊ रुख बाँकी नै रहन्छन माऊ रुख सजिलै देखियोस् भनेर कटान गर्नुभन्दा पहिलेनै कायम राखिने माऊ रुखमा छातिको उचाईमा ४ इन्च फराकिलो रिङ्ग पेन्टिङ गरिन्छ । अर्को वर्ष कटान गर्दा पुनः पुनरोत्पादन कटान गरिने आवधिक खण्डको पूरै भागमा जाँच गरिन्छ र सबैभन्दा धेरै बूढा रुखहरु भएको स्थानमा एकै ठाँउबाट तोकिएको संख्याका रुखहरु कटान गरिन्छ। एवंरितले पुनरोत्पादन अवधि भरी कटान गर्दै गइन्छ । ठूला वा बूढा रुखहरु भएको स्थान र पुनरोत्पादन कमसल भएको स्थानमा पहिले रुख काट्दा सानारुखहरु बढ्ने मौका पाउँछन भने पुनरोत्पादन नभएको ठाँउबाट शुरु गर्दा पुनरोत्पादन गराउने समय पनि धेरै उपलब्ध हुन्छ । पुनरोत्पादन अवधिको अन्ततिर बिरुवा भएको स्थान मात्र बाँकी रहने हुँदा पुनरोत्पादन अवधि भित्र पुनरोत्पादन स्थापना गर्न सकिन्छ ।

**२. क्षेत्रफल र आयतनको आधारमा: By area and volume control**

यस अघि व्याख्या गरिए बमोजिम आवधिक खण्डहरु निर्धारण भइसकेपछि पुनरोत्पादन कटान हुने आवधिक खण्डमा सबै रुखहरु मापन गरी जम्मा आयतन पता लगाइन्छ । यसरी आयतन हिसाब गर्दा ४० से.मी भन्दा बढी व्यास भएका रुखहरुलाई मात्र हिसाब गरिन्छ । यस क्रममा कायम राख्नुपर्ने माऊ रुखबाहेकका रुखहरुलाई मात्र हिसाब गरिन्छ । यसरी जम्मा आयतन हिसाब गरेपछि त्यसलाई पुनरोत्पादन अवधिले भाग गर्दा आउने परिमाण हरेक वर्ष कटान गरिन्छ । कटान गर्ने तरिका यस अघि उल्लेख गरे जस्तै हुन्छ ।

**उदाहरणको लागि,**

वनको कुल उत्पादनशील क्षेत्रफल= ४०० हेक्टर

आवधिक खण्ड संख्या: ८

आवधिक खण्डको क्षेत्रफल = ४००/८ = ५० हेक्टर

पुनरोत्पादन अवधि = १० वर्ष

औषत वार्षिक कटानको क्षेत्रफल = ५ हेक्टर

पुनरोत्पादन कटान गरिने आवधिक खण्डको जम्मा आयतन =५०००० क्यु.फि. (वनस्रोत सर्वेक्षणबाट यकीन गर्ने)



प्रदेश सचिव

वार्षिक कटान परिमाण = ५००००/१० = ५००० क्यु.फि.
कुनैपनि वर्ष पुनरोत्पादन कटान ५००० क्यु.फि. भन्दा बढी गर्न सकिने छैन ।

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

दिगो वन व्यवस्थापन कार्यविधि, २०७९



प्रदेश सचिव

अनुसूची-५.१

दफा ६ संग सम्बन्धित

## छनौट प्रणाली अन्तर्गत कटान चक्रको आधारमा उत्पादन परिमाण (आयतन, रुख संख्या, क्षेत्रफल) निर्धारण तरिका (Selection system based on felling cycle)

**१. क्षेत्रफलको आधारमा उत्पादन नियमन** (Yield regulated by area control): क्षेत्रफलको आधारमा कटान गर्ने परिमाण निम्नानुसार निर्धारण गर्न सकिन्छ । वनक्षेत्रलाई कटान चक्र वर्षले भाग गरी हरेक वर्ष कटान गर्ने क्षेत्रफल निकालिन्छ । कटान क्षेत्रको सङ्ख्या कटान चक्र वर्ष बराबर हुन्छ । हरेक वर्ष एक/एक वटा कटान क्षेत्रमा सुकेका, टुप्पो भाँचिएका, बाङ्गाटिङ्गा, रोगकीरा लागेका, र नबढ्ने रुखहरु र कटान योग्य (Exploitable diameter) भन्दा बढी मोटाइ भएका रुखहरु हटाउन सकिनेछ । पहिलो चक्र सबै क्षेत्रमा कटान कार्य सम्पन्न पश्चात् पुनः दोस्रो चक्र शुरु हुन्छ एवम्ररितले चक्रहरु पूरा हुँदै जान्छ ।

वनको क्षेत्रफल (Area of forest): A (Only area allocated in felling series)

कटान चक्रवर्ष (Felling cycle years): C

कटान क्षेत्र संख्या (Number of felling areas) : N= A/C

कटान क्षेत्रको संख्या (N) = C

एक वटा कटान क्षेत्रको क्षेत्रफल (a) = A/N or A/C हेक्टर

**उदाहरणका लागि,**

वनको क्षेत्रफल (A): १०० हेक्टर

कटान चक्र (C): १० वर्ष

हरेक वर्ष कटान गर्ने क्षेत्रफल (Area harvested each year-ah) (a) = A/N = १००/१० = १० ha

यसरी क्षेत्रफलको आधारमा कटान परिमाण निर्धारण गर्ने विधिमा यस उदाहरण अनुसार १०(दश) हेक्टर क्षेत्रफलमा रहेका रुखहरुमध्ये एक पटकमा २० (बीस) प्रतिशतमा नबढ्ने गरी undesirable species का रुखहरुका साथै सुकेका, टुप्पो भाँचिएका, बाङ्गाटिङ्गा, रोगकीरा लागेका र नबढ्ने रुखहरु र कटान योग्य (Exploitable diameter) भन्दा बढी मोटाइ भएका रुखहरु हटाउन सकिनेछ। १० (दश) वर्षपछि मात्र उक्त कटान क्षेत्रमा पुनः कटान गरिनेछ ।

**२. आयतनको आधारमा उत्पादन नियमन** (Yield regulation by volume):

वन क्षेत्रलाइ कटान चक्र वर्षले भाग गरी हरेक वर्ष कटान गर्ने क्षेत्रफल निकालिन्छ। हरेक कटान क्षेत्रको वन स्रोत सर्वेक्षण गरी मौज्दात आयतन निकाल्नु पर्दछ । मौज्दात आयतन जति सही किसिमले निकाल्न सक्यो त्यतिनै सही किसिमले कटान गर्ने परिमाण निक्लन्छ। यसको लागि स्याम्प्लिङ इन्टेन्सिटी बढाउँदा सही परिमाण निस्किन्छ। कटान क्षेत्रको जम्मा मौज्दात कायम गर्दा ४० से.मि. वा सो भन्दा बढी



प्रदेश सचिव

व्यासका रुखहरुको मात्र गर्नु पर्दछ । मौज्दात आयतनबाट कटान गर्न निर्धारित प्रतिशतका दरले कटान चक्र वर्षलाई गुणन गरी उक्त कटान क्षेत्रको लागि कटान गर्ने परिमाण निकाल्न सकिन्छ । उदाहरणका लागि मौज्दातको २ प्रतिशतका दरले कटान चक्र १०(दश) वर्षको लागि मौज्दात आयतनको बढीमा २० (बीस) प्रतिशतसम्म परिमाण निकाल्न सकिनेछ । कटान चक्रको अवधि बढी भएको अवस्थामा मौज्दातको २% का दरले कटान गर्दा बढी रुखहरु कटान गर्नुपर्ने हुन्छ । यसरी कटान गर्दा नयाँ बाली समान (Even age) उमेरको हुन गई छनौट प्रणालीको अवधारणासंग मेल खादैन । तसर्थ नयाँ बालीको उमेर असमान (Uneven age) कायम राख्न कटान चक्रको अवधि १०(दश) वर्ष भन्दा बढी हुनु हुँदैन । कटान गर्ने रुखहरु निर्धारण गर्दा सुकेका, टुप्पो भाँचिएका, बाङ्गाटिङ्गा, रोगकीरा लागेका र (Over matured) छान्नुपर्दछ । १०(दश) वर्षपछि मात्र उक्त कटान क्षेत्रमा पुनःकटान गरिनेछ ।

**उदाहरणका लागि,**

बनको क्षेत्रफल (A)= १०० हेक्टर

कटान चक्र (C) = १० वर्ष

कटान हुने क्षेत्रको संख्या (N) = A/C = १००/१० = १०

कटान क्षेत्रको जम्मा मौज्दात (४० से.मि. वा सो भन्दा बढी व्यासका रुखहरुको) (G)=४००० घन फीट

कटान क्षेत्र १ मा कटान गर्ने परिमाण (v1) = G*2%*C = ४०००*२%*१० = ८०० घन फिट

यसरी यस विधिमा ८०० घनफीट काठ उत्पादन हुने गरी उक्त कटान हुने क्षेत्रमा रुखहरु छपान र कटान गरिन्छ।

दिगो वन व्यवस्थापन कार्यविधि, २०७६



प्रदेश सचिव

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची-५.२

दफा ६ संग सम्बन्धित

## सामूहिक छनौट प्रणाली (Group selection system) मा उत्पादन परिमाण (आयतन, रुख संख्या, क्षेत्रफल) निर्धारण गर्ने तरिका

**१. क्षेत्रफलको आधारमा उत्पादन नियमन** (Yield regulation by area)

क्षेत्रफलको आधारमा वार्षिक रुपमा कटान गर्ने परिमाण निम्नानुसार निर्धारण गर्न सकिन्छ ।

वाली चक्र वर्ष(Rotation years): R

कटान चक्रवर्ष(Felling cycle years): C

कटान क्षेत्र संख्या (Number of felling areas) : N

वनको क्षेत्रफल (Area of forest): A (Only area allocated in felling series)

वाली चक्र अवधिमा हुने चक्रसंख्या(Number of cycles over the rotation) = Nc = R/C

Nc चक्रमा सम्पूर्ण वनक्षेत्रमा रहेका कटान योग्य रुखहरु काटिन्छन् ।तसर्थ एक चक्रमा कटान गर्ने क्षेत्रफल (a)= A/Nc

हरेक वर्ष कटान गर्ने क्षेत्रफल (Area harvested each year) = ah = a/Nc

कटान क्षेत्रको संख्या (N) = C

एक वटा कटान क्षेत्रको क्षेत्रफल = A/N हेक्टर

**उदाहरणका लागि,**

वनको क्षेत्रफल (A): १०० हेक्टर

वाली चक्र(R): १०० वर्ष

कटान चक्र (C): १० वर्ष

वाली चक्र अवधिमा हुने चक्र संख्या(Nc)= R/C = १००/१० = १०

एक चक्रमा कटान हुने क्षेत्रफल (a) = A/Nc = १००/१० = १०

हरेक वर्ष कटान गर्ने क्षेत्रफल (Area harvested each year-ah) = a/Nc = १०/१० =१ ha

यसरी क्षेत्रफलको आधारमा वार्षिक कटान परिमाण निर्धारण गर्ने विधिमा यस उदाहरण अनुसार १ हेक्टर क्षेत्रफलमा रहेका रुखहरु मध्ये आवश्यक संख्यामा माऊ रुख छोडी बाँकी सम्पूर्ण रुख ( ४० से.मी. सो भन्दा बढी व्यास भएका) कटान गर्दा आउने परिमाण हो ।

**२. रुख संख्याको आधारमा उत्पादन नियमन निर्धारण** (Yield regulation by number of stems)

रुख संख्याको आधारमा वार्षिक कटान गर्ने रुख संख्या निकाल्न हरेक कटान क्षेत्रका रुखहरु ४० से.मी. र सो भन्दा बढी व्यासका) को नक्साङ्कन गर्नु पर्दछ । यस प्रयोजनको लागि रुख नक्साङ्कन गर्दा ट्याग



प्रदेश सचिव

नठोके पनि हुन्छ । यसबाट हरेक कटान क्षेत्रमा रहेका रुखहरुको संख्या यकिन हुन्छ । त्यस पश्चात् हरेक वर्ष कटान गर्ने क्षेत्रफल निकाले जस्तै हरेक वर्ष कटान गर्ने रुख संख्या निकाल्न सकिन्छ ।

**उदाहरणका लागि,**

बाली चक्र (R)= १०० वर्ष

कटान चक्र (C) = १० वर्ष

बाली चक्र अवधिमा हुने चक्र संख्या (Nc) = R/C = १००/१० = १०

कटान क्षेत्रमा रहेका रुख (४० से.मि. वा सो भन्दा बढी व्यासका) संख्या (Nt)= १००० (रुख नक्साङ्कनबाट थाहा हुने) छोड्नु पर्ने माऊ रुख संख्या (Mt) = १०० गोटा

४० से.मी. व्यास भन्दा कम भएको स्वस्थ रुखहरुको संख्या (Ag) = ५० गोटा

कटान क्षेत्र १ मा हरेक वर्ष कटान गर्ने रुख संख्या (n1)= (Nt–Mt-Ag)/Nc

= (१०००-१००-५०)/१० = ८५ गोटा

यसरी कटान क्षेत्र १ बाट ८५ वटा रुखहरु कटान गरिन्छ र सोबाट प्राप्त हुने परिमाण नै बार्षिक उत्पादन परिमाण हो ।

**३. आयतनको आधारमा उत्पादन नियमन** (Yield regulation by volume)

आयतनको आधारमा बार्षिक रुपमा कटान गर्ने परिमाण निकाल्न हरेक कटान क्षेत्रको वन स्रोत सर्वेक्षण गरी मौज्दात आयतन निकाल्नु पर्दछ । मौज्दात आयतन जति सही किसिमले निकाल्न सक्यो त्यति नै सही किसिमले बार्षिक रुपमा कटान गर्ने परिमाण निक्लन्छ । मौज्दात आयतन गलत भएमा बार्षिक रुपमा कटान गर्ने परिमाण गलत भई बढी वा घटी कटान हुने सम्भावना रहन्छ । बढी वा घटी जे भएपनि वन व्यवस्थापनको हिसाबले उचित हुँदैन ।

मौज्दात आयतन निकालिसकेपछि बार्षिक रुपमा कटान गर्ने रुख संख्या निकाले जस्तै बार्षिक रुपमा कटान गर्ने परिमाण निकाल्न सकिन्छ ।

**उदाहरणका लागि,**

बाली चक्र(R)= १०० वर्ष

कटान चक्र (C) = १० वर्ष

बाली चक्र अवधिमा हुने चक्र संख्या (Nc) = R/C = १००/१० = १०

कटान क्षेत्रको जम्मा मौज्दात (४० से.मि. वा सो भन्दा कम व्यास भएका रुखहरु तथा माऊरुखको रुपमा छोड्नु पर्ने रुखहरु बाहेकको) (G)= ४००० घन फिट

कटान क्षेत्र १ मा हरेक वर्ष कटान गर्ने परिमाण (v1) = G/Nc = ४०००/१० = ४०० घन फीट

यसरी यस विधिमा ४०० घनफीट काठ उत्पादन हुने गरी एकै ठाँउमा रुखहरु छपान गरिन्छ र काटिन्छ ।



प्रदेश सचिव

अनुसूची-६

दफा ७ संग सम्बन्धित

**सरपट कटान प्रणालीमा (Clear felling system) उत्पादन उत्पादन परिमाण (आयतन, रुख संख्या, क्षेत्रफल) निर्धारण गर्ने तरिका**

**बार्षिक कटान परिमाण (Yield regulation)**

सरपट कटान प्रणालीमा उत्पादन नियमन क्षेत्रफलको आधारमा गरिन्छ । तसर्थ यस प्रणालीमा बार्षिक कटान परिमाण बार्षिक कटान क्षेत्र (Annual coupe) मा रहेका सम्पूर्ण रुखहरु काट्दा प्राप्त हुने परिमाण हुन्छ । यस विधिमा हरेक वर्ष कटान गरिने क्षेत्रफल बराबर हुन्छ तर उत्पादन वर्षै पिच्छे फरक हुन्छ । यस प्रणालीमा माऊरुख वा कुनै किसिमको एडभान्स ग्रोथलाई भविष्यको बालीको रुपमा राखिँदैन । उदाहरणको लागि मसलाको वनको बाली चक्र १० वर्ष कायम गरी सरपट कटान प्रणालीमा व्यवस्थापन गर्ने हो भने वनलाई १० वटा बराबर क्षेत्रफलका भागमा बिभाजन गरिन्छ । प्रत्येक भागलाई बार्षिक कटान क्षेत्र (Annual coupe) भनिन्छ ।

**उदाहरणका लागि,**

बाली चक्र (R)= १० वर्ष

वनको क्षेत्रफल (A)= १०० हेक्टर

बार्षिक कटान क्षेत्र संख्या (Number of annual coupes (N) = A/R = १००/१० = १० वटा

प्रत्येक बार्षिक कटान क्षेत्रको क्षेत्रफल (Area of each annual coupe (a) = A/R =१००/१०=१० हेक्टर

यस प्रणालीमा बार्षिक कटान परिमाण बार्षिक कटान क्षेत्र (Annual coupe) १० हेक्टरमा रहेका सम्पूर्ण रुखहरु काट्दा प्राप्त हुने परिमाण हुन्छ ।



प्रदेश सचिव

## अनुसूची-७

### दफा ८ संग सम्बन्धित

### रुख सहितको मुना प्रणालीमा (Coppice with standards system) उत्पादन परिमाण (आयतन, रुख संख्या, क्षेत्रफल) निर्धारण गर्ने तरिका

रुखसहितको मुना प्रणालीले बहुतले (Multi-storey) वनको निर्माण गर्दछ, जसमा मुना प्रणालीबाट बिरुवाहरु उमारिन्छ भने केही बिरुवाहरु बीउबाट पुनरोत्पादन भएका हुन्छन् । यो प्रणाली बिभिन्न किसिमका वन पैदावारहरु जस्तै : काठ, दाउरा, पोल उत्पादन गर्न उपयुक्त हुन्छ । यस प्रणालीमा वनलाई बिभिन्न वार्षिक कटान क्षेत्रमा विभाजन गरिन्छ । वार्षिक कटान क्षेत्रको संख्या मुनाको बाली चक्र बराबर हुन्छ । मानौं, वनको क्षेत्रफल A हे., मुनाको बाली चक्र: R बर्ष, वार्षिक कटान क्षेत्रको संख्या N: A/R वटा

**उदाहरणको लागि,**

वन को क्षेत्रफल १०० हे, मुनाको बाली चक्र: १० बर्ष

वार्षिक कटान क्षेत्रको संख्या N: १००/१०: १० वटा

साधारणतया मुनाको बाली चक्र प्रजाति र बन पैदावार अनुसार १० देखि ३० बर्षको हुन्छ ।

यस प्रणालीको वार्षिक कटान क्षेत्रमा मुनाहरुको सरपट कटान गर्दा बीउबाट उत्पादन भएका केही रुखहरु कम्तिमा अर्को बाली चक्र (मुनाको) सम्मको लागि राखिन्छ ।

यसैगरी मुनाको उमेरकै २० देखि ३० प्रतिशत बीउबाट आएका पुनरोत्पादनहरु पनि छनौट गरेर हुर्काउने कार्य गरिन्छ । बीउबाट आएका रुखहरुको कटान र मुना आउने ठुटाहरु कुनै कारणले नष्ट भई हुनआएको खाली ठाउमा बीउबाट वा बृक्षारोपण गरेर पनि पुनरोत्पादन गर्न सकिन्छ ।केही बाली चक्रपछि यसले बहुतले (Multi-storey) बनको निर्माण गर्दछ, जसमा मुनाबाट पुनरोत्पादन भएको समान उमेरका बिरुवाहरु हुन्छन् भने बीउबाट पुनरोत्पादन भएका बिरुवाहरु विभिन्न उमेर समूहका हुन्छन् ।बीउबाट पुनरोत्पादन भएका रुखहरु (Standards) को संख्याको निर्धारण रुखको उमेर, छत्रको फैलावट, लक्षित व्यास, र मुनाबाट पुनरोत्पादन हुने प्रजातिको छाँया सहने क्षमतामा निर्भर गर्दछ । साधारणतया बीउबाट पुनरोत्पादन भएका रुखको छत्रले ५० प्रतिशतभन्दा बढी जमीनको भाग ओगट्नु हुँदैन । त्यसैले, बिरुवाको उमेर बढ्दै जादा रुखहरुको संख्या पनि घट्दै जान्छ । अथवा बहुबर्षीय बनमा रुखहरुको संख्या पनि उमेर अनुसार नै यकिन गर्नु पर्दछ जुन तलको तालिकामा दिइएको छ ।

| बीउ बाट पुनरुत्पादनभएका रुखको उमेर | कायम रहने रुख संख्या (प्रति हेक्टर) |
|---|---|
| २० | ५० |
| ४० | ३० |
| ६० | १३ |
| ८० | ७ |

मुना प्रणाली अन्तर्गत पुनरोत्पादन हुने प्रजातिहरु छाँया सहन सक्ने, मुना उत्पादन गर्न सक्ने र साना गोलाई भएका हुनु पर्दछ भने माथिल्लो छत्रमा रहने बीउबाट पुनरोत्पादन हुने प्रजातिहरु प्रकाशार्थी (Light demander), काठ दिने, र मुना दिने प्रजाति वा भिन्न प्रजाति हुन सक्दछ । माथिल्लो तहको रुखहरुले हलुका छाँया प्रदान गर्दछ ।



प्रदेश सचिव

अनुसूची-८

दफा ९ संग सम्बन्धित

**युनिफर्म छत्र प्रणाली/बीउ रुख प्रणालीमा (Uniform shelterwood system/seed tree method) उत्पादन उत्पादन परिमाण (आयतन, रुख संख्या, क्षेत्रफल) निर्धारण गर्ने तरिका**

युनिफर्म छत्र प्रणालीमा पुनरोत्पादन कटान गर्ने आवधिक खण्डको कुनै एक भागबाट कटान शुरु गरिन्छ र त्यस पछिका वर्षहरुमा मेसैसंग कटान गर्दै गईन्छ । यस प्रणालीमा एडभान्स ग्रोथ (Advance growth) कायम राखिदैन । यस प्रणालीमा बाली चक्र र पुनरोत्पादन अवधिको आधारमा वन खण्ड/कम्पार्टमेण्टलाई विभिन्न पेरियोडिक (Periodic block/sub-compartment) ब्लक/सब कम्पार्टमेण्टहरुमा विभाजन गरिन्छ ।वनको अवस्था अनुसार एउटा सब कम्पार्टमेण्टमा पुनरोत्पादन कटान, तयारी कटान, अन्यमा पत्ल्याउने तथा सुधार कटान गरिन्छ ।

ईरिगुलर सेल्टरउड प्रणाली जस्तै यस प्रणालीमा पनि कटान गरिने परिमाण दुई किसिमले निर्धारण गर्न सकिन्छः

१) क्षेत्रफल र रुख संख्याको आधारमा (By area and number of stems)

२) क्षेत्रफल र आयतनको आधारमा (By area and volume)

पुनरोत्पादन कटानमा कटान गरिने रुखहरुको संख्या/आयतन निर्धारण गर्दा राखिने माऊ/छहारी रुखको संख्याबाहेक बाँकी रुखहरुलाई कटान गरिने रुखहरुको रुपमा हिसाव गर्नुपर्छ ।



प्रदेश सचिव

## अनुसूची-९
## दफा १० संग सम्बन्धित

**सुधार कटान (Improvement felling)**

प्राकृतिक वनमा धेरै जस्ता लाथ्रा, पोल वा बढ्दा उमेरका रुखहरु भएको स्थानमा समेत बूढा, टुप्पो भाँचिएका, सुकेका वा अस्वभाविक रुपमा ठूलो छत्र भएका रुखहरु पनि मिसिएर रहेका हुन्छन । यी रुखहरु बढ्दैनन् तर यी रुखहरुले धेरै ठाउँ ओगटेका हुन्छन् । यिनले अन्य बढ्दा उमेरका रुखहरुको वृद्धिमा समेत असर पारिरहेका हुन सक्छन् । यसरी नबढ्ने रुखहरु खडा रहने र बढ्दो उमेरको रुखले स्थान नपाउने हुँदा वनको उत्पादकत्व घट्छ । तसर्थ बढ्दा उमेरका रुखविरुवालाई असर पारिरहेको माथि उल्लेखित प्रकारका रुखहरु कटान गरी हटाउने कार्यलाई सुधार कटान (Improvement felling) भनिन्छ। यसलाई (Accesory silviculture system) पनि भनिन्छ ।

विशेषगरी पल्ल्याउने कार्य गरिने वन क्षेत्रमा वनको अवस्था सुधार गरी उत्पादकत्व बढाउन सुधार कटान गरिन्छ । सुधार कटान गर्दा सुकेका, टुप्पो भाँचिएका, बाङ्गाटिङ्गा, रोगकिरा लागेका, र नबढ्ने रुखहरु जसले अन्य बिरुवाको वृद्धि विकासमा बाधा पुर्याउँछ, त्यस्ता रुखहरु मात्र कटान गरी हटाउनु पर्दछ । यसबाट वन क्षेत्रमा रहेका अनुत्पादक तथा अरुको वृद्धि बिकाशमा अवरोध पुर्याउने रुखहरु क्रमशः हटदै गई सो स्थानमा बढ्दा उमेरका रुखहरु हुर्कदै गएर वनको अवस्थामा सुधार हुँदै जान्छ । सुधार कटान अन्तर्गत निम्नअनुसार उत्पादन नियमन गर्न सकिन्छ । क्षेत्रफल र आयतन (रुख संख्या) को आधारमा, भूक्षयको दृष्टिकोणले जोखिम बढाउने बूढा रुखहरु हटाउन सकिनेछ ।

वनक्षेत्रलाई कटान चक्र वर्षले भाग गरी हरेक वर्ष कटान गर्ने क्षेत्रफल निकालिन्छ । कटान क्षेत्रको सङ्ख्या कटान चक्र वर्ष बराबर हुन्छ । हरेक वर्ष एक/एक वटा कटान क्षेत्रमा सुकेका, टुप्पो भाँचिएका, बाङ्गाटिङ्गा, रोगकीरा लागेका, र नबढ्ने रुखहरुका साथै Undesirable species का रुखहरु हटाइन्छ । सुधार कटान गरिने खण्डमा रहेका जम्मा रुखहरु मध्ये एक पटकमा २० प्रतिशतमा नबढ्ने गरी उपर्युक्त प्रकृतिका अनुत्पादक रुखहरु हटाउन सकिनेछ ।

पहिलो चक्रको सबै क्षेत्रमा कटान कार्य सम्पन्न पश्चात् पुनःदोस्रो चक्र शुरु हुन्छ वा वनको अवस्था र वन व्यवस्थापनको उदेश्य अनुरुप उपयुक्त वन सम्वर्द्धन प्रणाली अपनाउन सकिनेछ ।



प्रदेश सचिव

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

## अनुसूची-१०

### दफा ११ को उपदफा (१) संग सम्बन्धित

**बाली चक्र निर्धारण (Crop rotation)**

बिरुवा रोपे वा उम्रेदेखि परिपक्व भई उपयोग गर्न लायक हुँदासम्मको अवधिलाई बाली चक्र भनिन्छ । बाली चक्रलाई बर्षमा उल्लेख गरिन्छ र यो रुख कटान गरिने उमेर हो ।रुख बिरुवाको बृद्धि विकासमा स्थानिय हावापानी, माटोको उर्वराशक्ति (Site quality) अनुसार फरक हुन्छ । त्यसैले समान उमेरको रुखको बृद्धि सबै ठाँउमा एकनासको हुँदैन । वन व्यवस्थापनको उदेश्य र (Site quality) को आधारमा बाली चक्रको निर्धारण गरिन्छ । वन व्यवस्थापनको सन्दर्भमा वाली चक्र एक महत्वपूर्ण अवधारणा हो । बाली चक्रले कम्पार्टमेण्टको संख्या र वार्षिक कटान क्षेत्रको क्षेत्रफल निर्धारण गर्दछ । नेपालको बनको लागि निम्नानुसारको बाली चक्र अवलम्वन गर्न सकिन्छः

| क.स. | वनको प्रकार | बाली चक्र (वर्ष) |
|---|---|---|
| १ | तराई साल/तराई साल मिश्रित वन | ८०-१०० |
| २ | पहाडी साल वन | १००-१२० |
| ३ | खयर-सिसौ वन | ४०-६० |
| ४ | खोटे सल्लाको वन | ४०-६० |
| ५ | कटुस चिलाउनेको वन | ४०-६० |
| ६ | उत्तिसको वन | २०-४० |
| ७ | गोब्रे सल्लाको वन | १००-१४० |
| ८ | देवदारको वन | १२०-१६० |
| ९ | खर्सुको वन | १२०-१४० |
| १० | वृक्षारोपण गरी हुर्काइने छिटो बढ्ने प्रजातिको वन | १०-२० |
| ११ | टिक वन | ४०-६० |
| १२ | पाटुले सल्ला | ४०-६० |

J.K. Jackson, 1990: Manual of afforestation Vol. 2, Ram Prakash 1986: Forest management को आधारमा र नेपालमा वन व्यवस्थापनको अभ्यासको आधारमा तयार गरिएको ।



प्रदेश सचिव

अनुसूची-११

दफा १२ संग सम्बन्धित

## वन सीमाना सर्वेक्षण

बनको नाम:

सर्भे मिति:

सर्भे गर्नेको नाम र हस्ताक्षर:

प्रयोग गरिएको जि पि एस को नाम:

| सि.नं. | प्रकार (कि को सर्भे गरिएको हो) | स्टेशन | देशान्तर (Longitude -X) | अक्षांश (Latitude -Y) | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

बनको सीमाना सर्वेक्षण गर्दा निम्न तरिका अपनाइनेछ:

- सीमानामा रहेका सामुदायिक बन, निजि जग्गाका धनीहरुसंग छलफल र उनीहरुकोसमेत उपस्थितिमा सर्वेक्षण कार्य गरिनेछ ।
- बन सीमानाका हरेक घुम्ती/मोड/दिशा परिवर्तन भएको स्थान (Turning point) को जिपिएस रिसिभरले डाटा लिने । सर्वे टिममा कम्तिमा २ जना (३ जना भए उत्तम) रहने व्यवस्था गर्ने र जिपिएस रिसिभरले डाटा लिने ले अगाडि डाटा लिनु पर्ने स्थान हेरी सहयोगी साथीलाई त्यस स्थानमा उभिन भन्ने र पछि त्यस स्थानमा गएर जिपिएस रिसिभरले डाटा लिने । सहयोगी साथीलाई पुन अगाडिको अर्को बिन्दुमा उभिन लगाउने । एवंरितले सर्वे गर्दै जाने । खासगरी यु आकारको मोडमा गल्ती हुने संभावना ज्यादै हुने भएकोले माथिको प्रकृया अनिवार्य रुपमा अपनाउने ।
- तीन जनाको टोली भएमा एक जनाले जिपिएस डाटा लिने, अर्को एक जनाले फिल्डबुक राख्ने र अर्को एक जना अगाडिको जिपिएस डाटा लिने बिन्दुमा उभिने गर्नु पर्दछ । दुई जना मात्र भए फिल्डबुक राख्ने र जिपिएस डाटा लिने काम एकै जनाले गर्नु पर्दछ।
- जिपिएस पोइन्ट टाढा–टाढा लिएमा बन क्षेत्र छुटने वा अन्य क्षेत्र गाभिने संभावना हुन्छ । नजिक–नजिक लिएमा राम्रो हुन्छ, बिग्रदैन । तर धेरै पोइन्ट लिन समय पनि धेरै लाग्ने भएको हुँदा सिधा ठाउँमा पोइन्ट लिई राख्नुपर्दैन । दिशा परिवर्तन भएको स्थानमा अनिवार्य रुपमा घटीमा ५ मिटरसम्मको फरकमा पोइन्ट लिनु पर्दछ।
- खोला, नदी, बाटोआदि वस्तुस्थितिको सर्वेक्षण (Survey of existing features : बनक्षेत्र भित्रका खोला, नदी, बाटो, गोरेटो, पहिरो, पोखरी, आवादी, अतिक्रमित वनक्षेत्र, झाडी बुटयान आदि सबैको जिपिएस रिसिभरले डाटा लिइनेछ । यी विभिन्न वस्तुस्थितिको सर्वे गर्ने तरिका निम्न तालिकामा प्रस्तुत गरिएको छ:



प्रदेश सचिव

| वस्तु (Features) | सर्वे गर्ने तरिका |
|---|---|
| बाटो, गोरेटो आदि जस्ता कुराहरु (Linear features) | बाटो गोरेटोको हरेक घुम्ती रहेको स्थानमा बाटो गोरेटोको बीचमा पोइन्ट लिने र बाटो गोरेटोको औसत चौडाई नाप गर्ने । |
| खोला, नदी जस्ता कुराहरु (Linear features like river, streams etc.) | खोला, नदीको एक किनाराबाट सबै घुम्तीमा पोइन्ट लिने, कुन किनाराबाट सर्वे गरेको हो नोट गर्ने र खोला नदीको औसत चौडाई समेत नोट गर्ने । एउटै खोलाको कुनै ठाउँमा एउटा किनारा कुनै ठाउँमा अर्को किनाराको नाप लिनु हुँदैन । |
| आबादी, अतिक्रमित बनक्षेत्र, झाडिबुटयान क्षेत्र, पोखरी, पहिरो जस्ता क्षेत्रफल हुने कुराहरु (Area features like cultivated land, shrub land etc.) | अनुमानित क्षेत्रफल ०.२५ हेक्टर बा सो भन्दा कम भए बीचमा पर्ने गरी एउटा पोइन्ट लिने अन्यथा बरिपरीका पोइन्ट लिने । |
| पोखरी (पानी भएको) | अनुमानित क्षेत्रफल ०.२५ हेक्टर वा सो भन्दा कम भए पोखरीको एक छेउमा एउटा पोइन्ट लिने र कुन दिशा तर्फको पोइन्ट हो नोट गर्ने, अन्यथा पोखरीको बरिपरीका पोइन्टहरु लिने । |
| घर, मन्दिर, पुल जस्ता कुराहरु (Point features like house, temple etc.) | संभव भए बीचमा नभए छेउमा एक वटा पोइन्ट लिने र कता तर्फ पोइन्ट लिएको हो नोट गर्ने । |



प्रदेश सचिव

## अनुसूची-१२

### दफा १४ संग सम्बन्धित

### कम्पार्टमेण्ट तथा सब कम्पार्टमेण्ट विभाजन सम्बन्धी व्यवस्था

**क. कम्पार्टमेण्ट विभाजन** (Division of block into compartments)

वन क्षेत्रलाइ भिरालोपनाको आधारमा ० डिग्री देखि १९ डिग्रीभन्दा कम, १९ डिग्री देखि ३१ डिग्री सम्म र ३१ डिग्री भन्दा माथिको भाग छुट्टिने गरी स्लोप नक्सा तयार गर्नु पर्दछ । वन व्यवस्थापनको लागि अपनाइने वन सम्बर्द्धन प्रणाली तथा कार्य प्रक्रिया समेतलाई विचार गरी कम्पार्टमेण्टमा बिभाजन गर्नु पर्दछ । वन व्यवस्थापनको हिसाबले कम्पार्टमेण्टलाई पूर्ण एकाई (Self-contained unit) को रुपमा गर्ने वा बिभिन्न कम्पार्टमेण्टमा रहेका सब-कम्पार्टमेण्टहरु जोडेर कटान श्रृङ्खला (Felling series)बनाउने भन्ने कुरा पहिले नै स्पष्ट हुन आवश्यक छ ।छत्र प्रणालीमा कटान श्रृङ्खलालाई आवधिक खण्ड (Periodic block) मा विभाजन गर्नु पर्दछ । यस्तै सरपट कटान प्रणाली (Clear felling system)मा कटान श्रृङखलालाई बार्षिक कटान क्षेत्र (Annual coupe) मा विभाजन गर्नु पर्दछ ।छनौट प्रणाली (Selection system)अपनाइने भए कटान श्रृङ्खलालाई कटान चक्र (Felling cycle) को आधारमा कटान क्षेत्र (Felling area)मा विभाजन गर्नु पर्दछ । Periodic block को संख्या पुनरोत्पादन अवधि र बाली चक्रमा भर पर्दछ । जस्तो १०० वर्षको बाली चक्र र १० वर्षको पुनरोत्पादन अवधि भएमा Periodic block (sub-compartment) को संख्या १० वटा हुन आउछ । यस्तै बार्षिक कटान क्षेत्रको संख्या बाली चक्रमा भर पर्दछ । छनौट प्रणालीमा कटान क्षेत्रको संख्या कटान चक्र बरावर हुन्छ । ५ वर्षको कटान चक्र अपनाइएमा वनलाई (कटान श्रृङ्खला) लाई ५ वटा कटान क्षेत्रमा विभाजन गर्नु पर्दछ।

कम्पार्टमेण्टलाई पूर्ण एकाईको रुपमा लिई वन व्यवस्थापन गर्ने भएमा हरेक कम्पार्टमेण्टमा आवश्यक संख्यामा Periodic block/annual coupes/felling area (sub-compartment) हुनु पर्दछ । सबै भागमा एकै उमेरका रुखहरु नभई फरक-फरक उमेरका रुखहरु भएको क्षेत्र पर्नेगरी कम्पार्टमेण्ट छुट्याउनु पर्दछ ताकी कुनै सब-कम्पार्टमेण्टमा कटान गर्न लायक वयस्क वा ज्यादै बूढा रुख भएको क्षेत्र, कुनै सब-कम्पार्टमेण्टमा बढ्दा उमेरका रुख भएको क्षेत्र, यस्तै अन्यमा साना रुख, पोल अवस्थाको वन, लाथ्रा अवस्थाको वन भएको क्षेत्र छुटयाउन सकियोस् । सीमाना सर्भे र अन्य वस्तुस्थिति सर्वेको डाटा (Gogle Earth) मा अपलोड गरेर कम्पार्टमेण्टहरु विभाजन गर्न सजिलो हुन्छ । गुगल अर्थबाट कम्पार्टमेण्टको सीमानाको कोअर्डिनेट पोइन्ट समेत निकाल्न सकिन्छ ।

सेल्फ कन्टेन्ड कम्पार्टमेनटको अवधारणामा काम नगर्ने भए वनलाई उपयुक्त क्षेत्रफलका कम्पार्टमेण्टमा विभाजन गर्नु पर्दछ । पछि यी कम्पार्टमेण्टमा रहेका सब-कम्पार्टमेण्टहरुलाई विभिन्न कटान श्रृङ्खलामध्ये कसमा राखे भन्ने सब-कम्पार्टमेण्टको वनको अवस्था हेरेर तोक्नु पर्दछ । वनको क्षेत्रफल हेरी १ वा बढी



प्रदेश सचिव

कटान श्रृङखला हुन सक्छन् । सेल्फ कन्टेन्ड कम्पार्टमेण्ट अवधारणामा कम्पार्टमेण्टले नैकटान श्रृङखलाको काम गर्दछ । सेल्फ कन्टेन्ड अवधारणा अवलम्बन नभए कटान श्रृङ्खला कुनकुन सब-कम्पार्टमेण्ट मिलाएर गराउने भन्ने कुरा योजनामा स्पष्ट लेख्नु पर्दछ ।

सामुदायिक वनहरुको क्षेत्रफल थोरै रहेको र वनको अवस्था (उमेर) पनि प्राय एकैनास (एउटा सा.व.मा) रहेको हुँदा एक बटा सामुदायिक वनलाई एक बटा कम्पार्टमेण्ट बनाउने र धेरै बटा सामुदायिक वन मिलाएर एक बटा कटान श्रृङखला बनाई वन व्यवस्थापन गर्नु उचित हुने देखिन्छ । यसको लागि नीतिगत व्यवस्था हुन आवश्यक छ । उपयुक्त सामुदायिक वनलाई सेल्फ कन्टेन्ड एकाईको रुपमा व्यवस्थापन गर्न नसकिने भने होइन ।

कम्पार्टमेनटको क्षेत्रफलले अग्नी रेखाको घनत्व निर्धारण गर्दछ । यसले कति बनक्षेत्र अग्नी रेखामा जाने भन्ने र अग्नी रेखा निर्माण तथा मर्मतमा लाग्ने खर्चमा समेत असर पर्दछ । अग्नी रेखाको घनत्व ज्यादै कम भयो भने अग्नी रेखा प्रभावकारी हुँदैन, ज्यादै बढी भयो भने खर्च बढी लाग्छ । तसर्थ उपयुक्त क्षेत्रफलको कम्पार्टमेण्ट निर्माण गर्नु पर्दछ । अवस्था हेरी २०० देखि ४०० हे क्षेत्रफलको कम्पार्टमेण्ट निर्माण गर्नु उपयुक्त हुन्छ । २०० (दुई सय) भन्दा कम क्षेत्रफलको वन भएमा एक बटा मात्र कम्पार्टमेण्ट हुन्छ र अग्नी रेखा बनको सीमानामा मात्र निर्माण गर्नु पर्दछ । ५० (पचास) हेक्टरभन्दा सानो सब-कम्पार्टमेण्ट वरिपरि अग्नी रेखा निर्माण गर्नु हुँदैन ।

**ख. सब-कम्पार्टमेण्ट विभाजन** (Division of compartment into sub-compartments)

सेल्फ कन्टेन्ड अवधारणा अनुसार काम गर्ने भएमा हरेक कम्पार्टमेण्टलाई आवधिक खण्ड/बार्षिक कटान क्षेत्र/कटान क्षेत्रको संख्या बराबरको संख्यामा सब-कम्पार्टमेण्ट बनाउनु पर्दछ ।एउटा कम्पार्टमेण्टका सबै सब-कम्पार्टमेण्टको क्षेत्रफल बराबर हुने गरी छुट्याउनु पर्दछ । सम्भवभएसम्म सब-कम्पार्टमेण्टको क्षेत्रफल ५० हेक्टरको गराउनु उचित हुन्छ ।

सेल्फ कन्टेन्ड अवधारणा अनुसार नगर्ने भए सब-कम्पार्टमेण्टको संख्या एउटा कटान श्रृङ्खलामा आवश्यक पर्ने आवधिक खण्ड/बार्षिक कटान क्षेत्र/कटान क्षेत्रको संख्या बराबर वा यसको गुणाङ्क (Mutliple) मा हुनु पर्दछ । साथै सबै सब-कम्पार्टमेण्टको क्षेत्रफल बराबर हुन पर्दछ । मानौ बनलाई एक बटा मात्र कटान श्रृङ्खलाको रुपमा लिइयो, बाली चक्र १०० वर्ष र पुनरोत्पादन अवधि १० वर्ष लिइयो भने वनको क्षेत्रफल अनुसार सब-कम्पार्टमेण्टको संख्या १० बटा, २० बटा, ३० बटा वा यस्तै गुणांकमा बनाउनु पर्दछ । एउटै सब-कम्पार्टमेण्टमा वनको अवस्था (उमेर, प्रजाति समिश्रण आदि) उल्लेखनीय रुपमा फरक हुनु हुँदैन ।



प्रदेश सचिव

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

## अनुसूची-१३
## दफा १५ को उपदफा (३) संग सम्वन्धित
## नक्सासम्बन्धी व्यवस्था

जिपिएसको डाटा डाउनलोड गर्न छुट्टै सफ्टवयर आवश्यक पर्दछ । यसको लागि Map source, GPS utility जस्ता सफ्टवयर प्रयोग गर्न सकिन्छ । नक्सा बनाउदा वनक्षेत्रभित्र रहेका सबै कुराहरु देखिने गरी निम्न नक्साहरु तयार गरिनेछ ।

- वनको सबै कुराहरु बाटो, खोला, आवादी/अतिक्रमण क्षेत्र, चौर, धार्मिक स्थल, खोल्सी, गोरेटो आदि (वस्तुस्थिति देखिने नक्सा)
- ब्लक र तिनको क्षेत्रफल देखिने नक्सा
- ब्लक र कम्पार्टमेण्ट देखिने नक्सा
- कम्पार्टमेण्ट र सब–कम्पार्टमेण्ट देखिने नक्सा
- कम्पार्टमेण्ट, सब–कम्पार्टमेण्ट र ती भित्र राखिएका स्याम्पल प्लट देखिने नक्सा
- कम्पार्टमेण्ट र सब–कम्पार्टमेण्ट छुटयाउने बिन्दु देखिने नक्सा
- भिरालोपना, मोहडा र उचाई देखिने नक्सा
- बन व्यवस्थापनका कृयाकलापहरु देखिने नक्सा
- अन्य आवश्यक नक्साहरु

दिगो वन व्यवस्थापन कार्यविधि, २०७९



प्रदेश सचिव

## अनुसूची-१४

### दफा १६ को उपदफा (१) संग सम्वन्धित

### नमूना प्लट निर्धारण, प्लटमा रुख विरुवा मापन र बनको मौज्दात विश्लेषण सम्वन्धी व्यवस्था

**क. नमूना प्लट निर्धारण**

बनस्रोत सर्वेक्षणको लागि नमूना प्लटहरु निधारण गरिनेछ । सर्वप्रथम नमूना प्लटको संख्या र एक प्लटदेखि अर्को प्लटको दुरी हिसाव गर्नु पर्दछ । यसरी प्लटको संख्या र एक प्लटबाट अर्को प्लटको दुरी निर्धारण भएपछि प्लटहरुलाई हिसाव गरिएको दुरीमा पर्ने गरी नक्सामा देखाउनु पर्दछ । यो कार्य GIS application को सहायताले गर्न सकिन्छ । GIS मा एक प्लटबाट अर्को प्लटको दुरी ठीकसंग कायम गरेर प्लट देखाउन सकिन्छ र देखाईएको प्लटको कोअर्डिनेट स्वतः प्राप्त हुन्छ । GIS मा मोटामोटी दुरी कायम हुने गरी प्लट सिर्जना गर्नु पर्दछ । सिर्जना गरिएका प्लटको कोअर्डिनेट समेत सफ्टवयरले नै निकाल्छ । यो कार्य कम्प्युटरमा नै गर्नु पर्दछ । हरेक सब-कम्पार्टमेण्टमा कम्तिमा ५ वटा नमूना प्लट हुनुपर्दछ ।

**ख. नमूना प्लटमा रुख विरुवा मापन**

रुख विरुवा मापन गर्नुभन्दा पहिले नक्सामा देखाइए अनुसार फिल्डमा स्याम्पल प्लट Locate गर्नु पर्दछ । यसको लागि स्याम्पल प्लटको कोअर्डिनेट जिपिएसमा अपलोड गर्नु पर्दछ वा प्लटको कोअर्डिनेट हातैले पनि जिपिएस रिसिभरमा इन्ट्री गर्न सकिन्छ । प्लट कोअर्डिनेट जिपिएस रिसिभरमा अपलोड वा इन्ट्री गरिसकेपछि सो प्लटमा जिपिएस रिसिभरको सहायताले Go to गरेर पुग्न सकिन्छ । प्लटको नजिकमा पुग्न थालेपछि Arriving भन्ने सन्देश जिपिएस रिसिभरमा आउँछ । यो सन्देश आईसकेपछि बिस्तारै अगाडि बढ्दै जानु पर्दछ । रिसिभरको स्किन प्लट पुग्न कति दुरी बाँकी छ भन्ने देखाइरहेको हुन्छ । जता जाँदा दुरी घट्छ उतै हिड्नु पर्दछ । जिपिएसको एकुरेसी अनुसार २ देखि १० मिटर नजिक पुगेपछि प्लट लिनु पर्दछ ।

गोलाकार प्लटको हकमा जिपिएसले देखाएको बिन्दुलाई केन्द्र मानी प्लट बनाउनु पर्दछ भने आयाताकार प्लट लिने भए पहिले नै जिपिएसले देखाएको बिन्दुबाट कतातर्फ प्लट राख्ने भन्ने नियम बनाएर त्यतै तर्फ प्लट राख्नु पर्दछ । प्लटको कति नजिक पुगेर प्लट राख्ने भन्ने कुरा पहिला नै निर्धारण गर्नु पर्दछ । उदाहरणको लागि २ मिटर नजिक पुगेपछि प्लट राख्ने भन्ने नियम बनाएको भए हरेक प्लट राख्दा २ मिटर नजिक देखाएको स्थानमा नै प्लट राख्नु पर्दछ । कहि २ मिटर नजिक, कहि १ मिटर नजिक, कहि ५ मिटर नजिक गर्नु हुँदैन । यसले स्याम्पलिङ्ग बाएस बढाउँछ ।यसरी प्लट लोकेट गरिसकेपछि स्याम्पल प्लट बनाउनु पर्दछ र स्याम्पल प्लटभित्रका रुख, पोलको मापन गर्नु पर्दछ भने बिरुवा/लाथ्राको जात अनुसार गणना गरी डाटा रेकर्डिङ्ग सिटमा लेख्नु पर्दछ स्याम्पल प्लटको साइज,



प्रदेश सचिव

रुखविरुवा मापन सम्बन्धमा सामुदायिक बनको इन्भेन्ट्री गाइडलाईनलाई अपनाई गर्न सकिन्छ । डाटा रेकर्डिङ निम्न ढाँचामा गर्न सकिन्छ ।

**वनस्रोत सर्वेक्षणको तत्थ्याङ्क लेख्ने फाराम**

बनको नाम: .................................. सब-कम्पार्टमेन्ट वा कटानक्षेत्रको नाम:..................................

मिति: .................................. स्रोत सर्वेक्षण गर्नेको नाम:.................................. हस्ताक्षर: ..................................

| प्लट नं | प्रजाती | विरुवा संख्या | लाथ्रा संख्या | व्यास (से.मि.) | उचाई (मिटर) | अवस्था | क्लास |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

**ग. वनको मौज्दात विश्लेषण**

फिल्डबाट वनस्रोत मापनको डाटा प्राप्त भइसकेपछि डाटा विश्लेषण गरेर वनको मौज्दात सम्वन्धी विवरण निकालिनेछ । मौज्दातको डाटा विश्लेषणको लागि आधुनिक र उपयुक्त software प्रयोग गर्न सकिन्छ । मौज्दात सम्बन्धी विश्लेषणको नतिजा हरेक सव–कम्पार्टमेण्ट र कम्पार्टमेण्टको अलग अलग निकाल्नु पर्दछ भने वनको एकमुष्ठ पनि निकाल्नु पर्दछ । विश्लेषणबाट निम्न कुराहरु निकाल्नु पर्दछ ।

- प्रजाति अनुसार रुख, पोल, लाथ्रा र विरुवाको संख्या प्रति हेक्टर
- प्रजाति अनुसार रुख र पोलको आयतन प्रतिहेक्टर
- वेशल एरिया प्रति हेक्टर
- रुख तथा पोलको औषत व्यास (अलगअलग)
- टपहाईट
- प्रजाति समिश्रणको अवस्था देखिने पाईचार्ट (रुख, पोल, लाथ्रा र विरुवाको अलगअलग बनाउने)
- प्रतिहेक्टर संख्याको आधारमा,
- प्रतिहेक्टर आयतनको आधारमा र प्रतिहेक्टर बेशल एरियाको आधारमा व्यास समूह अनुसार रुख तथा पोलको संख्या र आयतन। बार चार्टमा देखाउदा उपयुक्त हुने
- व्यास समूह अनुसार राम्रा र 4D रुखहरुको प्रतिहेक्टर संख्या र आयतन (बार चार्टमा देखाउदा राम्रो हुने)
- व्यास र उचाईको सम्बन्ध (चार्टमा देखाउने)
- व्यास र आयतनको सम्बन्ध (चार्टमा देखाउने )



प्रदेश सचिव

## अनुसूची-१५
## दफा १७ संग सम्बन्धित
## पुनरोत्पादन कटान गर्ने सब-कम्पार्टमेण्टहरुको रुख नक्साङ्कन सम्बन्धी व्यवस्था

रुख नक्साङ्कनमा रुख/पोलको व्यास, उचाई आदि मापन गर्नुका साथै रुख/पोलको फेदको जिपिएस पोइन्ट समेत लिनुका साथै हरेक रुखमा रुख नम्बर समेत लगाइन्छ र जिपिएस पोइन्टबाट GIS (Geographical information system) मा रुखको अवस्थिति देखिने गरी नक्सा तयार गरिन्छ । रुख नक्साङ्कन खर्चको हिसावले सम्पूर्ण रुख गणना (Total enumeration) भन्दा खासै महँगो पर्दैन तर GIS/GPS (Geographical information system/global positioning system) को प्रयोग आवश्यक पर्दछ । रुख नक्साङ्कनका निम्न फाइदाहरु छन् (जो सम्पूर्ण रुख गणनासंग तुलना गर्नै मिल्दैन) ।

- रुख र पोलहरुको अवस्थिति नक्सामा नै देखिने हुँदा रुखको बितरण (Distribution) थाहा हुन्छ (कुन ठाँउ खाली छ कहाँ बाक्लो छ भन्ने स्पष्ट नक्सामा हेर्न सकिने)
- कुनै पनि रुख स्थलगत रुपमा जिपिएसको सहायताले पत्ता लगाउन सकिन्छ र त्यसको नाप साइज जाँच गर्न सकिन्छ ।
- सबै रुखको डाटाबेश निर्माण हुने हुँदा कुनै रुख हानीनोक्सानी भएको पत्तालगाउन सकिन्छ र हानी नोक्सानीको सजिलै मूल्याङ्कन गर्न सकिन्छ ।
- वनमा रहेका र हानीनोक्सानी वा कुनै कारणले नष्ट भएका रुखहरुको विवरण अध्यावधिक हुन्छ/गर्न सकिन्छ । यसका साथै हानी नोक्सानी नियन्त्रण गर्न सहयोग पुग्छ । चोरी कटानी गर्नेको मनोबल घट्छ ।
- माऊ रुखहरु सबै क्षेत्रमा बराबर पर्ने गरी कायम गर्न सकिन्छ र माऊ रुखको उपयुक्तता सजिलै स्थलगतरुपमा जाँच गर्न सकिन्छ ।
- कटान गर्ने रुखहरु यकीन साथ पहिले नै पहिचान भैसक्ने हुँदा छपान गर्न सजिलो र छपानमा अनियमितता हुने सम्भावना रहँदैन ।
- हरेक वर्ष कुन स्थानबाट कति रुख कटान गर्ने भन्ने कुरा यकीनकासाथ नक्साबाट हिसाब गर्न सकिन्छ र कटान पश्चात् नक्सा अध्यावधिक गर्न सकिन्छ ।
- रुख नक्साङ्कनको लागि लिईएको फिल्ड डाटा निम्न फाराममा अधावधिक रेकर्ड गर्न सकिन्छ ।

<u>फिल्ड डाटा लिने फारामको नमूना</u>

| क.स. | जि.पि.एस. वे पोइन्ट | रुख नम्बर | प्रजाति | व्यास (सेमी) | उचाई (मिटर) | अवस्था | गुणस्तर |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |



प्रदेश सचिव

जिपिएसले रुख/पोलको फेदको डाटा लिएपछि सो को पोइन्ट नम्बर आउँछ । यसलाई वे पोइन्ट भनिन्छ। जिपिएस वे पोइन्टमा यही नम्बर लेख्नु पर्दछ । जिपिएस वे पोइन्ट हरेक रुख/पोल को अलग-अलग आउँछ। यस्तै जिपिएस पोइन्ट लिईसकेपछि रुखमा नम्बर लगाउनु पर्दछ । टिनको पातामा तयार गरिएको टयाग ठोकेर वा रुखमा ब्लेज काटेर इनामेलको प्रयोग गरेर पनि रुख नम्बर हाल्न सकिन्छ । टयाग सकभर सानो भर्याङ प्रयोग गरेर मानिसले सजिलै पुग्न नसक्ने गरी माथि ठोक्नु पर्दछ । तल ठोकिएको टयाग उक्काएर फालिदिन सक्ने संभावना रहन्छ । यस्तै तल ठोकिएको टयाग आगो आदिबाट समेत क्षति हुन सक्छ। पोलमा नम्बर राख्नु पर्दैन । अवस्थामा सुकेको, टुप्पो भाँचिएको, ज्यादै बुढो, बाङगोटिङगो, मर्न लागेको, रोग लागेको आदि भए 4D(Dead, dying deseased and deformed) अन्यथा G (Good)लेख्नु पर्दछ । यस्तै गुणस्तरमा रुखबाट काठ कति प्राप्त हुन सक्छ भन्ने आधारमा वन ऐन नियमावली, २०७९ मा व्यवस्था भए अनुसार क्लास लेख्नु पर्दछ ।

यसरी रुख नक्साँकनको लागि डाटा प्राप्त भएपछि GIS बाट रुखहरुको अवस्थिति देखिने नक्सा तयार गर्नु पर्दछ र सोही नक्साको सहायताले माऊ रुखहरु पहिचान गर्नु पर्दछ । कायम राख्ने माऊ रुखको संख्याको आधारमा एक माऊ रुख देखि अर्को माऊ रुख सम्मको दुरी हिसाव गरी निकाल्न सकिन्छ । यसैको आधारमा उपयुक्त रुखहरु उपलब्ध भएसम्म मोटामोटी दुरी कायम हुने गरी माऊ रुखहरु पहिचान गर्नु पर्दछ। माऊ रुख छनौट गर्दा मुख्य प्रजातिका साथै जैविक विविधताको हिसावले केही अन्य प्रजातिहरुको समेत राख्नु पर्दछ । यसरी नक्सामा माऊ रुख पहिचान भइसकेपछि अन्य रुखहरु कटान गर्ने रुखमा पर्दछन् । माऊ रुख र कटान गर्ने रुखहरु नक्सामा पहिचान भइसकेपछि सोको लिष्ट समेत जिआईएस टेवलबाट प्राप्त गर्न सकिन्छ । पुनरोत्पादन कटान गर्दा पुनरोत्पादन कटान अवधिमा कटान गर्नुपर्ने रुखहरु हटाइने हुँदा पहिलो वर्ष कटान गर्ने क्षेत्रमा पर्ने माऊ रुख र कटान गर्ने रुखको लिष्ट तयार गर्नु पर्दछ । कटान कार्य सवैभन्दा बूढा रुखहरु भएको स्थानबाट गर्नुपर्ने भएकोले स्थलगत निरीक्षणको आधारमा उप-कम्पार्टमेण्टको कतातिर बूढा रुख छन् भन्ने थाहा हुन्छ र सोही आधारमा त्यसैतर्फ नक्सामा रुखहरु छनौट गर्नु पर्दछ ।

यसरी माऊ रुख तथा कटान गर्नु पर्ने रुखहरु तथा पहिलो वर्ष कटान गर्ने क्षेत्रमा रहेका माऊ रुख र कटान गर्ने रुखहरुको लिष्ट तयार भइसकेपछि कम्तिमा पहिलो वर्ष कटान गर्ने क्षेत्रमा रहेका माऊ रुखहरु उपयुक्त छन् ।छैनन् भनी स्थलगत रुपमा जाँच गर्नु पर्दछ। माऊ रुखहरुको स्थलगत जाँच गर्नको लागि ती रुखहरुको जिपिएस पोइन्ट भएकोले जिपिएस रिसिभरको सहायताले सजिलै पुग्न सकिन्छ । स्थलगत रुपमा हेर्दा छनौट गरिएको माऊ रुख उपयुक्त नदेखिएमा नजिकैको अर्को उपयुक्त रुख माऊ रुखको रुपमा कायम गर्नु पर्दछ र यसको आधारमा नक्सा अपडेट गरी पुनः माऊ रुख र कटान गर्ने रुखहरुको अन्तिम लिष्ट तयार गर्नु पर्दछ। यसैको आधारमा पहिलो वर्ष कटान गर्ने स्थानमा रहेका माऊ रुख र कटान गर्ने रुखहरुको समेत अन्तिम लिष्ट तयार गर्नु पर्दछ ।



प्रदेश सचिव

## अनुसूची-१६

## दफा १८ संग सम्बन्धित

## पुनरोत्पादन कटान गर्ने सब-कम्पार्टमेण्टहरुको पुनरोत्पादन सर्भे

पुनरोत्पादन कटान गर्ने सब-कम्पार्टमेण्टको पुनरोत्पादनको अवस्था थाहा पाउन पुनरोत्पादन सर्भे गर्नु पर्दछ । पुनरोत्पादन सर्भेबाट विरुवाको परिमाणको अलावा स्थलगत बितरण पनि थाहा पाउनुपर्दछ । यसको लागि पुनरोत्पादन नक्सा तयार गर्नु पर्दछ । पुनरोत्पादन सर्भे २५-५० मिटरको दुरीमा ४ वर्ग मिटरको स्याम्पल प्लट राखी गर्दा उपयुक्त हुने देखिन्छ। स्याम्पल प्लटहरुको कोअर्डिनेट निकालेर सो कोअर्डिनेट जिपिएस रिसिभरमा लोड गरी जिपिएसको सहायताले स्याम्पल प्लट सम्म पुग्नु पर्दछ र गोलाकार वा वर्गाकार प्लट राखेर विरुवा तथा लाथ्राको गणना गर्नु पर्दछ। स्याम्पल प्लट लेआउट तथा कोअर्डिनेट निकाल्ने कार्य GIS software को प्रयोग गरी गर्न सकिन्छ। निकालिएको प्लट कोअर्डिनेट जिपिएस रिसिभरमा अपलोड गर्न सकिन्छ । पुनरोत्पादन सर्भेको डाटा निम्नानुसारको तालिकामा रेकर्ड गर्न सकिन्छ ।

<u>पुनरोत्पादन सर्भे गर्दा प्रयोग गरिने फारामको नमूना</u>

| प्लट नं | प्रमुख प्रजाति को विरुवा संख्या | | | अन्य प्रमुख प्रजातिको विरुवा संख्या | | | अन्य प्रजातिको विरुवा संख्या | |
|---|---|---|---|---|---|---|---|---|
| | १ मिटर भन्दा अग्लो | | १ मिटर भन्दा होचो | १ मिटर भन्दा अग्लो | | १ मिटर भन्दा होचो | १ मिटर भन्दा अग्लो | १ मिटर भन्दा होचो |
| | संख्या | अवस्था | | संख्या | अवस्था | | | |
| | | | | | | | | |
| | | | | | | | | |

प्रमुख प्रजातिहरुको नाम नै लेख्नु पर्दछ भने अन्य प्रजातिको नाम उल्लेख नगरी एक मुष्ठ अन्य भनेर राख्न सकिन्छ। पुनरोत्पादन गणना गर्दा भविष्यको बालीको रुपमा उपयुक्त जातिका रुख विरुवाहरुलाईमात्र गणना गर्नु पर्दछ । पुनरोत्पादन सर्भेबाट डाटा प्राप्त भएपछि विश्लेषण गरी पुनरोत्पादन नक्सा निकाल्नु पर्दछ ।



प्रदेश सचिव

## अनुसूची-१७

### दफा २२ को उपदफा उपदफा (४) संग सम्बन्धित

### वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन भइरहेको वनमा ढलापडा तथा सुखड खडा रुखहरु सङ्कलन

| अवस्था | के गर्ने ? |
|---|---|
| पुनरोत्पादन कटान गर्ने सबकम्पार्टमेण्टमा रुख कटान नभएको क्षेत्रमा रुख ढलेमा | ढलेका रुखहरु यथासक्य छिटो सङ्कलन गर्ने र पुनरोत्पादन कटान गर्न तोकिएका संख्यामा ढलेका रुखको संख्या घटाई बाँकी रुखहरु पुनरोत्पादन कटान गर्दा कटान गर्ने, ढलेका रुखहरु पुनरोत्पादन कटान गर्न तोकिएको संख्या भन्दा बढी भएमा अर्को वर्ष पुनरोत्पादन कटान गर्दा मिलान गर्ने । |
| पुनरोत्पादन कटान गरिएको स्थानमा कटान पश्चात् कायम राखिएका माऊ रुखहरु ढलेमा | ढलेका माऊ रुखहरु सङ्कलन गर्ने र तोकिएको संख्याका रुखहरु पुनरोत्पादन कटान गर्दा कटान गर्ने, ढलेको रुखहरु सङ्कलन गरेको कारणले पुनरोत्पादन कटान गर्दा रुख मिलान गर्न नपर्ने । |
| पुनरोत्पादन कटान गर्ने सबकम्पार्टमेण्टमा पुनरोत्पादन कटान नभएको स्थानमा माऊ रुख ढलेमा, चोरिएमा वा भाँचिएमा | माऊ रुखको स्थलगत निरिक्षण गर्दा ढलेको, भाचिएको रुख कटान गर्ने रुखको रुपमा परिवर्तन गर्ने र त्यसको साटो अर्को रुख माऊ रुखको रुपमा कायम गर्ने । |
| पुनरोत्पादन कटान गर्ने सबकम्पार्टमेण्ट बाहेक अन्य सबकम्पार्टमेण्टमा रुख ढलेमा | ढलेका सबै रुख यथासक्य छिटो सङ्कलन गर्ने र अन्य सबै व्यवस्थापनका कार्यहरु कर्ययोजनामा तोके बमोजिम गर्ने (पुनरोत्पादन कटान गर्न तोकिएका सबै रुख कटान गर्ने, पुनरोत्पादन तयारी कटान वा थिनिङ र सुधार कटान सबै गर्ने, ढलापडा सङ्कलन गरेको कारणले कटान गर्ने रुख संख्या मिलान गर्न नपर्ने) |



प्रदेश सचिव

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

## अनुसूची-१८
## दफा २६ को उपदफा (१) संग सम्बन्धित
## छपान चेकजाँच प्रतिवेदन

श्री ..............................

गा.पा./उ.प.न.पा. वडा नं........

................ जिल्ला

आ.व.

डिभिजन:

सब डिभिजन:

छपान रुख संख्या:

......प्रतिशतले हुने रुख संख्या

प्लटको नाम र किसिम:

प्लट नं:

छपान टाँचा नं:

छपान रङ्ग:

| सि नं | छपान रुख नं | जात | छपान रजिष्टर अनुसार | | | चेकजाँच गर्दा | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | व्यास ईन्च | उचाई फिट | गुणस्तर | व्यास ईन्च | उचाई फिट | गुणस्तर | |
| | | | | | | | | | |
| | | | | | | | | | |

मैले मिति ............................ मा गरेको .........................% छपान चेकमा फरक परेकोले छपान सच्याउन सिफारिस गर्दछु/नपरेकोले छपान कार्य ठिक भएको व्यहोरा प्रमाणित गर्दछु ।

**चेकजाँच गर्नेको:**

नाम:

दस्तखत:

पद:

मिति:

दिगो वन व्यवस्थापन कार्यविधि, २०७९



प्रदेश सचिव

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

## अनुसूची-१९
## दफा ३१ को उपदफा (३) संग सम्बन्धित
## कटान रजिष्टर नमूना

श्री ..............................

गा.पा./उ.प.न.पा. वडा नं........

................ जिल्ला

आ.व.

डिभिजन:

सब डिभिजन:

छापान रुख संख्या:

प्लटको नाम र किसिम:

कटान गर्ने समूह वा ठेकेदारको नाम र ठेगाना:

टाँचा न:

छपान रङ्ग:

| क्र.स. | कटान रुखको ठुटा नं | छपान नं. | रुखको जात | गिन्डा नं. | गोलाई ईन्च | लम्बाई फिट | आयतन घ. फिट | बोट कटी | | | जम्मा आयतन घ. फिट | ठेड | नोक्सानी भएको रुखको विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | व्यास ईन्च | लम्बाई फिट | आयतन घ. फिट | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

कटान गर्ने निकायको प्रतिनिधि
नाम:
दस्तखत:
मिति:

समूहको प्रतिनिधि
नाम:
दस्तखत:
मिति:

सब डि व का को प्रतिनिधि
नाम:
दस्तखत:
मिति:

हाम्रो वन व्यवस्थापन कार्यविधि, २०७९



प्रदेश सचिव

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौडा, नेपाल

## अनुसूची-२०
## दफा ३२ को उपदफा (४) संग सम्बन्धित
## चलानी पूर्जीको नमूना

श्री .................................

गा.पा./उ.प.न.पा. वडा नं........

................ जिल्ला

आ.ब.

डिभिजन:

सब डिभिजन:

छपान रुख संख्या:

निकासी म्याद:

चालकको नाम र ठेगाना:

मितिः

प्लटको नाम र किसिम:

कटान गर्ने समूह वा ठेकेदारको नाम र ठेगाना:

टाँचा नं:

घाटगद्दी स्थान:

सवारी साधनको किसिम र नं:

| सि नं | काठको जात | गोलिया नं | साईज | | आयतन<br>घ फि | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | गोलाई ईन्च | लम्बाई फिट | | |
| | | | | | | |
| | | | | | | |

**कटान गर्ने निकायको प्रतिनिधि**

नामः

दस्तखतः

मितिः

**समूहको प्रतिनिधि**

नामः

दस्तखतः

मितिः

**सब डि व का को प्रतिनिधि**

नामः

दस्तखतः

मितिः



प्रदेश सचिव

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

# अनुसूची-२१

## दफा ३२ को उपदफा (५) संग सम्बन्धित

## घाटगद्दी रजिष्टर

श्री ..............................

गा.पा./उ.प.न.पा. वडा नं........

................ जिल्ला

आ.व.

डिभिजन:

सब डिभिजन:

छपान रुख संख्या:

कटान/चिरान म्याद:

प्लटको नाम र किसिम:

कटान गर्ने समूह वा ठेकेदारको नाम र ठेगाना:

टाँचा नं:

निकासी म्याद:

घाटगद्दी स्थान:

| मिति | छपानी नं | काठको जात | गोलिया नं | गोलाई इन्च | लम्बाई फिट | आयतन घ. फिट | बोट कटी | | | जम्मा आयतन घ. फिट | ग्रेड | दाउरा चट्टा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | व्यास इन्च | लम्बाई फिट | आयतन घ. फिट | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

**कटान गर्ने निकायको प्रतिनिधि**

नाम:

दस्तखत:

मिति:

**समूहको प्रतिनिधि**

नाम:

दस्तखत:

मिति:

**सब डि व का को प्रतिनिधि**

नाम:

दस्तखत:

मिति:



प्रदेश सचिव

## अनुसूची-२२

## दफा ३५ संग सम्बन्धित

## कटान क्षेत्रको (प्लट) अन्तिम जाँच फारम नमूना

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

श्री .................................

गा.पा./उ.प.न.पा. वडा नं........

................ जिल्ला

आ.व.

डिभिजन वन कार्यालयको नाम:

सब डिभिजन वन कार्यालयको नाम:

छपान रुख संख्या:

छपान रङ:

कटान क्षेत्रको चारकिल्ला:

पूर्व:

पश्चिम:

उत्तर:

दक्षिण:

मूल्याङ्कन परिमाण

काठ: क्यू फि

दाउरा: चट्टा

उत्पादन परिमाण

काठ: क्यू फि

दाउरा: चट्टा

| कटान स्वीकृत रुख संख्या | कटान हुन बाँकी रुख संख्या | कटान हुँदा अन्य रुख हानी नोक्सानी संख्या | | अन्य तरिकाबाट भएको हानी नोक्सानी (काठलाई दाउरमा परिणत गरेको) | कैफियत |
|---|---|---|---|---|---|
| | | लापरबाहीले | मजबुरीले | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

नोट:लापरवाहीबाट भएकोमा बिगो यकीन गरी प्रचलित रोयल्टी अनुसार जरिबाना हुनेछ ।

कटान गर्ने निकायको प्रतिनिधि
नाम:
दस्तखत:
मिति:

समूहको प्रतिनिधि
नाम:
दस्तखत:
मिति:

सब डि व का को प्रतिनिधि
नाम:
दस्तखत:
मिति:

वन निर्देशनालयको प्रतिनिधि
नाम:
दस्तखत:
मिति



प्रदेश सचिव

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

## अनुसूची-२३
### दफा ४८ संग सम्बन्धित
### पुनरोत्पादन अभिवृद्धि (Regeneration promotion) का कार्य

पुनरोत्पादन अभिवृद्धि (Regeneration Promotion) को मुख्य उद्देश्य भनेको कटान भएको वा खाली स्थानमा नयाँ बिरुवा उम्रने र हुर्कने वातावरण सिर्जना गर्नु हो ।

यो काम कटान कार्य समाप्त भएपछि मनसुन शुरूहुनु अगावै गरिसक्नु पर्दछ । पुनरोत्पादन अभिवृद्धि अन्तर्गत विभिन्न खालका कृयाकलापहरु गर्नुपर्ने भएकोले ती कार्यहरु गर्न उपयुक्त समयमा नै गर्नु पर्दछ र जेठ मसान्तभित्र सबै कृयाकलापहरु सम्पन्न गर्नु पर्दछ । पुनरोत्पादन अभिवृद्धिको लागि आवश्यकता अनुसार निम्न कार्यहरु गर्नु पर्दछ ।

- पुनरूत्पादन गर्ने क्षेत्रको संरक्षण गर्ने, जसमा आगलागी, चरिचरण, अनाधिकृत वन प्रवेश तथा जथाभावी रुपमा वनबाट गएका बाटोहरु रोक्ने कार्य लगायत पर्दछन् ।
- कटान पश्चात् हाँगाबिँगा, झाडी, पातपतिङ्गर हटाउने कार्य ।
- कटानको क्रममा भाँचिएका पोल वा लाथ्रा भएमा आवश्यकता अनुसार काटी मुना निकाल्ने कार्य
- अवस्था हेरी माटो खुकुलो बनाउने कार्य । यो कार्य बीउ पाकेर झर्ने समयभन्दा केही समय अगावै गर्नु पर्दछ ।
- कटान क्षेत्रको माऊ रुख वा वरिपरिका रुखबाट बीउ उत्पादन हुने अवस्था नभएमा वा खाली क्षेत्र रहेमा अन्यत्रबाट बीउ सङ्कलन गरी छर्ने वा बिरुवा रोप्ने कार्य ।
- प्राकृतिक पुनरोत्पादन नआएको वा आउन नसक्ने अवस्थामा अन्तिम उपायको रुपमा वा वृक्षारोपणबाट नै पुनरोत्पादन स्थापना गर्ने उद्देश्य भएमा वृक्षारोपण गर्ने ।
- अवस्था हेरी सिचाई गर्ने कार्य ।
- अवस्था हेरी Thinning, Cleaning, Singling गर्ने ।



प्रदेश सचिव

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौडा, नेपाल

अनुसूची-२४

दफा ६० उपदफा (२) संग सम्बन्धित

**प्राविधिक परीक्षणका सिद्धान्त र आधार**

**१.सिद्धान्तहरु**

**कार्यदक्षता, प्रभावकारिता, औचित्यता, सक्षमता, सतर्कता, दिगोपनाको सिद्धान्तका आधारमा**

(क) व्यवस्थापन सुझावहरु उपयुक्त तथा औचित्यपूर्ण भए नभएको परीक्षण गर्ने ।

(ख) साइट क्वालिटी अनुसार वन सम्वर्धन प्रणाली र प्रविधि प्रयोग भए नभएको परीक्षण गर्ने ।

(ग) दिगो वन व्यवस्थापन कार्ययोजनामा पैदावारको सदुपयोग र बिक्रीवितरणका प्रकृयाहरुमा भएका व्यवस्थाहरुको परीक्षण गर्ने ।

(घ) यिल्ड रेगुलेशन, पुनरोत्पादन, ब्लक तथा कम्पार्टमेण्ट विभाजन र वन संरक्षणसम्बन्धी सिद्धान्तको प्रयोगबारेमा परीक्षण गर्ने ।

(ङ) व्यबस्थापन गरिएको वन क्षेत्रमा जैविक विविधता एवम् पारिस्थितिकीय सेवामा भएको न्यूनीकरण वा वढोत्तरीको विषयमा परीक्षण गर्ने ।

**२. आधारहरु**

(क) जिल्लाको पञ्चवर्षीय कार्ययोजना, समितिहरुको बैठक र माइनुट समूहको लेखापरीक्षण तथा प्रगति प्रतिवेदनहरु

(ख) जिल्लामा दिगो वन व्यवस्थापनका लागि वन क्षेत्रको छनौट, वनको क्षेत्रफल, वनमा भएका प्रजाति, भू बनावट, भिरालोपना, भूक्षयको संवेदनशीलता, वनको उत्पादनशीलता, खोला, नदी, बाटो, वस्ती लगायतका संवेदनशील स्थानको वन व्यवस्थापन

(ग) वन स्रोत सर्वेक्षण, प्लट, तथ्याङ्क विश्लेषण, वन सम्वर्धन प्रणालीको छनौट

(घ) कम्पार्टमेण्ट, सब कम्पार्टमेण्ट, अग्नी रेखा तथा अन्य निर्माण तथा सुधारका कार्यहरु

(ङ) सामाजिक, आर्थिक तथ्याक सङ्कलन विधि, तथ्याङ्क विश्लेषण विधि र कार्ययोजनामा भएको व्यबस्था

(च) वन सम्वर्द्धन प्रणाली, माऊ रुख चयन, संख्या, गुणस्तर तथा वितरण र पुनरोत्पादन तरिकाहरु

(छ) एकल्याउने, पतल्याउने, सरसफाई, वनको सुरक्षा व्यवस्था र अपनाइडका तरिकाहरुको उपयुक्तता

(ज) वार्षिक वृद्धि, बार्षिक कटान सिफारिस, कटानचक्र निर्धारण, कटानको मात्रा, कटानको ढाँचा, उत्पादनको अनुमान आदि ।

(झ) पारदर्शिता, सहभागिता, निर्णय प्रकृया, प्रतिवेदन तयारी र पेश, वन पैदावारको वितरण तथा बिक्री

(ञ) अन्य आवश्यकीय र सरोकारबालाहरुले छलफलमा उठाएका विषयहरु ।



प्रदेश सचिव

अनुसूची-२५

दफा ६० को उपदफा (३) संग सम्बन्धित

**प्राविधिक परीक्षणको प्रतिवेदनको ढाँचा**

१. सारांश

२. परिचय, परीक्षण कार्यको सामान्य परिचय, कानूनी तथा प्रशासनिक प्रावधान

३. विधि, स्थान, तथ्याक, संलग्न व्यक्तिहरु, वन कार्ययोजनाहरु प्रयोग भएको

४. चेकलिष्ट, फिल्ड विधि

५. अध्ययनमा देखिएका कुराहरुको व्याख्यात्मक टिप्पणी

६. मुख्य परीक्षण नतिजाहरु

७. निष्कर्श तथा सुझावहरु

८. सिफारिसहरु

९. अनुसूची

१०. फोटो तथा अन्य सहयोगी कागजातहरु

प्रतिवेदनका कुराहरु यकीन, दोहोरो अर्थ नलाग्ने र तथ्यपूर्ण बनाउनु पर्नेछ ।

दिगो वन व्यवस्थापन कार्यविधि, २०७९



प्रदेश सचिव